# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ६६ | काठमाडौं | बिहीबार, १३ असार २०८१ | Prabhab National Daily | Thursday, June 27, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


एकीकृत समाजवादीको नेतृत्व दौड

# भुसाललाई खनालको साथ



- अध्यक्षको दौडबाट सम्मानित नेता झलनाथ खनाल बाहिरिए
- महासचिव घनश्याम भुसाललाई अध्यक्षमा समर्थन
- खनालले अघि सारेको समाजवादी कार्यक्रमलाई भुसालले अँगाल्ने
- खनालको साथले पनि वर्तमान अध्यक्ष माधव नेपालसँग प्रतिस्पर्धा गर्न भुसाललाई कठिन हुने अनुमान

■ **प्रभाव संवाादादता**

**काठमाडौं–** नेकपा एकीकृत समाजवादीको भावी अध्यक्षको दौडबाट सम्मानित नेता झलनाथ खनाल बाहिरिएका छन् । उनले पार्टी महासचिव घनश्याम भुसाललाई अध्यक्षमा समर्थन गर्ने भएका छन् । बुधबार खनालनिवास डल्लुमा दुई नेताबीच भेटवार्ता भएको थियो । त्यसक्रममा खनाल भुसाललाई अध्यक्षमा अघि बढाउन सहमत भएका हुन् ।

डल्लुमा लगातार केही दिनदेखि युवा विद्यार्थीहरूको भीड लागेको थियो । उनीहरूले खनाल र भुसालमध्ये एक जनामात्रै अध्यक्षका लागि अघि बढ्नुपर्ने भन्दै आपसमा समझदारी गर्न दबाब दिएका थिए । दुई जना नेता नै अध्यक्षमा लड्ने भए चुनाव जित्न मुस्किल पर्ने उनीहरूको विश्लेषण थियो ।

सोहीअनुसार बुधबार दुई नेताबीच भेटवार्ता भएको र भुसाललाई अघि बढाउन खनाल सहमत भएको पार्टी सचिव जीवनराम श्रेष्ठले बताए । दुई नेतालाई मिलेर अघि बढ्नका लागि उपमहासचिव प्रकाश ज्वाला, युवा नेताहरू नरेश शाही, सन्दीप राईलगायतले चर्को दबाब दिएका थिए ।

त्यसपछि खनालले अगाडि सारेको समाजवादी कार्यक्रमलाई भुसालले अँगाल्ने र नेतृत्वमा भुसाललाई साथ दिने सहमति भएको हो । सचिव श्रेष्ठका अनुसार छलफलमा खनालले छोरा निर्भिक खनाल र भुसालले नरेश शाहीलाई साथमा राखेका थिए । र, दुई नेताबीचको अहिलेको सहमतिलाई एमालेको आठौं महाधिवेशनको निरन्तरताको रूपमा पनि व्याख्या गरिएको छ । आठौं महाधिवेशनमा खनाल र भुसाल एउटा कित्तामा थिए । माधवकुमार नेपाल र केपी ओली अर्को कित्तामा रहेका थिए ।

(क्रमशः पृष्ठ २ मा)

मनसुनजन्य विपद्

# बाढीपहिरो र चटयाङले एकैदिन लियो १६ जनाको ज्यान

- लमजुङ, कास्की, सुनसरी, ओखलढुंगा, सुनसरी, स्याङ्जा, कैलालीलगायत २९ जिल्ला बाढीपहिरो र चट्याङबाट प्रभावित
- एकैदिन ४४ वटा बाढीपहिरो र चट्याङका घटना
- विपद् व्यवस्थापनमा परिचालन हुन प्रहरीलाई निर्देशन

■ **जेबी योञ्जन**



**लमजुङको क्व्होलासोथार गाउँपालिका–३ बगुममा मंगलबार राति गएको पहिरो । *तस्बिरः रासस***

**काठमाडौं–** मनसुनजन्य विपद् बाढीपहिरो र चटचाङका कारण एकैदिन १६ जनाको मृत्यु भएको छ । बुधबार ४४ वटा बाढीपहिरोका घटनामा परी उनीहरूको मृत्यु भएको गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

मनसुन देशभर फैलिएको तेस्रो दिन यति धेरै जनधनको क्षति हुनेगरी विपद्जन्य घटना घटेको हो । बाढीपहिरोबाट २९ जना जिल्ला प्रभावित भएका छन् । प्राधिकरणका अनुसार क्षतिका पूरा विवरण अझै आइसकेको छैन । राहत तथा उद्धारको काम भइरहेको प्राधिकरणका प्रवक्ता डिजन भट्टराईले बताए ।

बुधबार विपद्बाट सबैभन्दा बढी जनधनको क्षति लमजुङमा भयो । त्यहाँको क्व्होलासाथार गाउँपालिका–३ बगुमस्थित पच्युटोलमा तीनवटा घर पहिरोले पुरिँदा चार जनाको मृत्यु भएको छ । एक जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय लमजुङका अनुसार पहिरोमा पुरिएर ६७ वर्षीय रुद्रमान गुरुङ, उनकी बुहारी ३६ वर्षीया पञ्चकुमारी गुरुङ, नातिनी चार वर्षीया नम्रता गुरुङ र आठ वर्षीया इच्छा गुरुङको शव भेटिएको हो । प्रहरी र स्थानीयले भग्नावशेषबाट उनीहरूको शव निकालेका हुन् । पहिरोले लमजुङको दोर्दी गाउँपालिकामा–९ मा पहिरोले घर भत्किँदा १६ वर्षीय विकल सुनारको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता मेघनाथ चपाईंका अनुसार मिलन सुनार घाइते भएका छन् । उनीहरू दाजुभाइ हुन् ।

(क्रमशः पृष्ठ २ मा)

## बाढीले ५०० विस्थापित, विमानस्थलदेखि स्कुलसम्म बन्द

मोरङको विराटनगरमा लगातारको वर्षासँगै खोलामा आएको बाढी बस्तीमा पसेको छ । विराटनगरको पूर्वतर्फ संघीया र पश्चिमतर्फ केसलीया रहेका खोलाको बाढी तटीय बस्तीको करिब ५०० घरमा पसेको मोरङ प्रहरी प्रवक्ता डिएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले जानकारी दिए । उनका अनुसार वडाका अन्य क्षेत्र पनि डुबानमा परेको छ । केसलिया खोला बस्तीमा पस्दा ६० घर डुबानमा परेको वडाध्यक्ष हिरालाल कामतले बताए ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# कुवेतले थप दुई लाख कामदार लैजाने, नेपालमा दूतावास खोल्ने

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** वैदेशिक रोजगारको प्रमुख गन्तव्यमध्येको एक कुवेतले नेपालबाट थप दुई लाख कामदार लैजाने भएको छ । कुवेतमा रोजगारीको दायरा बढ्दै गएका कारण नेपालबाट थप दुई लाख कामदार लैजाने सम्बन्धमा छलफल भएको उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले जानकारी दिएका हुन् ।

इरानको तेहरानमा भएको एसिया कोअपरेसन डायलग (एसिडी)को १९औं विदेशमन्त्रीस्तरीय बैठकमा सहभागी हुने क्रममा मन्त्री श्रेष्ठलाई कुवेतका विदेशमन्त्री अब्दुल्ला अली अल-याहचाले दुई लाख नेपाली कामदार लैजाने तयारी भइरहेको जानकारी दिएको जानकारी दिइएको छ । एसिडी बैठकमा सहभागी भएर स्वदेश फर्किनेक्रममा मंगलबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै कुवेतले परराष्ट्रमन्त्री श्रेष्ठले आगामी दिनमा दुई लाख नेपाली कामदार लाने जानकारी दिएको पुष्टि गरेका हुन् ।

अहिले एक लाख नेपाली कामदार रहेको कुवेतमा दुई लाख थपेर तीन लाख पुऱ्याउने लक्ष्य रहेको जानकारी पाएको मन्त्री श्रेष्ठले बताए । उनका अनुसार कुवेतले यसै वर्षभित्र काठमाडौंमा राजदूतावास खोल्ने तयारीसमेत गरेको मन्त्री अब्दुल्लाबाट जानकारी पाएको उल्लेख गरे । नेपालबाट ठूलो संख्यामा कामदार लैजाने गरेको कुवेतले नेपालमा दूतावास नहुँदा सास्ती खेप्नु परेको भन्दै यसको सहजीकरण र कूटनीतिक सम्बन्ध विस्तार गर्ने माध्यमको रूपमा दूतावास खोल्न लागिएको बताइएको छ ।



कुवेतले नेपालबाट वार्षिक सरदर ४० हजारको हराहारीमा कामदार लैजाने गरेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ । चालु आर्थिक वर्षको ११ महिनामा मात्रै ३५ हजारभन्दा बढीले कुवेत जान श्रम स्वीकृति लिएका छन् । कुवेतमा बढीजसो हाउसकिपिङ र सफाइ कार्यमा महिला कामदार जाने गरेको विभिन्न तथ्यांकले देखाएको छ ।

पछिल्लो समय कुवेतले नेपालबाट घरेलु कामदारको पनि माग गर्दै आइरहेको छ । तर सरकारले सुरक्षाको कारण देखाउँदै तत्काल घरेलु कामदार पठाउन नसकिने बताउँदै आएको छ । कुवेतमात्र नभई नेपालबाट घरेलु कामदारको माग गर्नेमा साउदी अरब, युएई र कतार पनि छन् । विभिन्न अधिकारवादी संघसंस्थाले भने खाडी मुलुकमा घरेलु कामदार पठाउन खुला गर्नुपर्ने माग गर्दै आएका छन् । सरकारले घरेलु कामदार खुला नगर्दा जोखिम बढेको र अवैध बाटो प्रयोग गरी जाने गरेका कारण मानव बेचबिखनमासमेत पर्ने गरेको उनीहरूको भनाइ छ ।

## ७० प्रतिशतभन्दा बढी ठगी व्यक्तिगत

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका क्रममा ७० प्रतिशतभन्दा बढी नेपाली व्यक्तिगत ठगीमा पर्ने गरेको तथ्यांक बाहिर आएको छ । मानवअधिकारका लागि जनमञ्च (पिपुल फोरम)ले सार्वजनिक गरेको पछिल्लो वर्षको प्रतिवेदनामा वैदेशिक रोजगारीका नाममा ७० प्रतिशतभन्दा बढी ठगी व्यक्तिगतरूपमा भएको देखिएको हो ।

पिपुल फोरमले म्यानपावर कम्पनीबाट भन्दा बढी ठगी व्यक्तिगतरूपमा भइरहेको उल्लेख गरेको छ । फोरमको तथ्यांकअनुसार ७०.७५ प्रतिशत व्यक्तिमार्फत र म्यानपावरमार्फत २९.२५ प्रतिशत नेपाली वैदेशिक रोजगारीको नाममा ठगिएका छन् । उल्लिखित तथ्यांक वैदेशिक रोजगारीका क्रममा समस्यामा परी पिपुल फोरमबाट निःशुल्क कानुनी सहायता लिएका पीडितहरूलाई आधार मानेर तयार पारिएको बताइएको छ ।

फोरमले चालु आर्थिक वर्षको हालसम्म दुई हजार ४०४ जनालाई निःशुल्क कानुनी सहायता प्रदान गरेको जनाएको छ । उल्लिखित संख्याका व्यक्तिबाट चार करोड ३३ लाख ५२ हजार रूपैयाँ ठगी भएको फोरमले उल्लेख गरेको छ । निःशुल्क कानुनी सहायता दिन थालेयता ३५ हजार ७३६ जनाले सेवा प्राप्त गरेको फोरमले जनाएको छ । जसमा एक अर्ब तीन करोड ३२ लाख रूपैयाँभन्दा बढी रकम ठगी भएको उल्लेख गरिएको छ ।

फोरमले लामो समयदेखि वैदेशिक रोजगारीमा समस्या परेकाहरूलाई निःशुल्क कानुनी सहायता प्रदान गर्दै आएको कार्यक्रम संयोजक एवं अधिवक्ता सुदीप देवकोटाले बताए । उनका अनुसार तोकिएभन्दा कम तलब, फरक काम, तोकिएको सेवासुविधा नपाउने, चर्को रकम असुलेर वैदेशिक रोजगारीमै नपुऱ्याउने, काम लगाइदिन्छु भनेर पैसा लिएर पासपोर्ट पनि जफत गरेर राख्नेलगायत समस्या लिएर आउनेको संख्या अत्यधिक रहेको छ । पछिल्लो समय सामाजिक सञ्जालबाट ठगी गर्नेहरू बढ्दै गएको उनले बताए ।




**पृष्ठ १ बाट क्रमशः**

## बाढीपहिरो र चट्याङले...

विपद् प्राधिकरणका अनुसार कास्कीमा दुई बालबालिकाको पहिरोमा परी मृत्यु भएको छ । एक महिला गम्भीर घाइते भएका छन् । रातभरको अविरल वर्षाका कारण आएको पहिरोले घर पुर्दा कास्कीको मादी गाउँपालिका-५ चितेपानी घुम्तीस्थित प्रकाश रानाभाटको ब्लक र टिनले बनेको तीन कोठे घर माटोको ढिस्को खसेर पुरिँदा १३ वर्षीया आयुष्मा रानाभाटको मृत्यु भएको हो ।

घरमा ७० वर्षीया हजुरआमा लालमाया बज्जारी र उनीमात्रै सुतेको अवस्थामा पहिरो खसेको थियो । लालमायाको उद्धार भएको छ । उनको अवस्था सामान्य रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता बसन्तकुमार शर्माले बताए । बुधबार बिहान ३ बजे पोखरा महानगरपालिका-२७ आरूपाटामा हरि सुनारको ढुंगामाटोले बनेको दुई कोठाको कच्ची घर पहिरोले पुरिँदा उनको छोरा तीन वर्षीय अनमोल सुनारको मृत्यु भएको छ । हरिकी श्रीमती २७ वर्षीया रितु सुनार गम्भीर घाइते भएकी छन् । उनको उपचार गण्डकी मेडिकल कलेजमा गम्भीर अवस्थामा भइरहेको प्रवक्ता शर्माले बताए । हरि र उनकी छोरी नौ वर्षीया अञ्जली सुनारको सकुसल उद्धार गरिएको छ । घर पूर्णरूपमा क्षतिग्रस्त बनेको छ ।

**कोशीमा बाढीले क्षति**

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका अनुसार मोरङको रतुवामाई नगरपालिका-५ का नुर मह्म्मदका दुई वर्षीय छोरा मोहमद मुसाहा घर नजिकै भारी वर्षाका कारण पानी जमेको खाल्डोमा मृत भेटिएका छन् । बुधबार बिहान उनी घरबाटै हराएका थिए । खोजी गर्ने क्रममा जमेको पानीमा मृत भेटिएका हुन् । बुधबार मोरङको रंगेलीमा रहेको घाँगी खोलामा आएको बाढीमा एक जना बेपत्ता भएका छन् । प्रहरीका अनुसार रंगेली-५ का नागेन मण्डल बेपत्ता भएका हुन् । बुधबार बिहान नागेन तीन साथीसहित खोला तर्दै थिए । खोला तर्ने क्रममा उनलाई बगाएको मोरङ प्रहरीले बताएको छ ।

कोशीकै ओखलढुंगामा पनि पहिरोले घर पुरिँदा एक महिलाको मृत्यु भएको छ । जिल्लाको चिसंखुगढी गाउँपालिका-५ थुम्कीस्थित पहिरोले घर पुरिँदा ३५ वर्षीया श्रीमती देवीकुमारी खत्रीको मृत्यु भएको हो । उनका ३९ वर्षीय श्रीमान् बाबुराम खत्री र १८ वर्षीया छोरी मेनुकालाई भने स्थानीयले सकुशल उद्धार गरेका छन् । स्याङजामा खोलाले बगाउँदा एक युवकको मृत्यु भएको छ । बुधबार बिहान साढे ११ बजे स्याङजाको पुतलीबजार नगरपालिका-१४ पुतलीखेतमा आँधीखोलाले बगाउँदा स्थानीय ३५ वर्षका सूर्य भण्डारीको मृत्यु भएको हो । उनलाई खोलाले बगाएको थाहा पाउनासाथ प्रहरी खोजतलास गर्न पुगेको थियो ।

**चट्याङले लियो ज्यान**

यसैगरी रोल्पाको सुनछहरी गाउँपालिका-३ बाहिरी गाममा दुई जनाको चट्याङ लागेर मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय रोल्पाका अनुसार सुनछहरी-३ बाहिरीगामस्थित दाइजा गाउँका २२ वर्षीया जैता घर्ती मगर र १४ वर्षीया गोमाला घर्ती मगरको चट्याङ लागेर मृत्यु भएको हो । बुधबार बिहान खेतमा काम गरिरहेको अवस्थामा चट्याङ लाग्दा कैलालीमा दुई जनाको मृत्यु भएको छ । जिल्लाको जोशीपुर गाउँपालिका वडा नम्बर ३ भितरिया बस्ने ३२ वर्षीय जयराम डंगौराको चट्याङले लागेर मृत्यु भएको हो।

जिल्लाकै धनगढी उपमहानगरपालिका वडा नम्बर १८ का २७ वर्षीय सालीन चौधरीको पनि चट्याङ लागेर मृत्यु भएको छ । खेतमा काम गरिरहेका उनलाई चट्याङ लागेको थियो । चट्याङ लागेर कपिलवस्तुमा पनि दुई जनाको मृत्यु भएको छ । जिल्लाको यशोधरा गाउँपालिका-८ भैसहियाका २२ वर्षीय महेश कलवार र बुद्धभूमि नगरपालिका-१० धनकौलीका अन्दाजी १८ वर्षीय राजु ठाकुरको चट्याङ लागेर बुधबार मृत्यु भएको हो । दुवै जनालाई खेतमा जाने क्रममा चट्याङ लागेको थियो । चट्याङ लागेका दुवैको घटनास्थलमै मृत्यु भएको कपिलवस्तुका प्रहरी उपरीक्षक नवराज पौडेलले जानकारी दिए ।

■■■

## बाढीले ५००...

खोला तथा नदीमा पानीको बहाव बढेपछि सतर्कता अपनाउन स्थानीय प्रशासनले आग्रह गरेको छ । मंगलबार रातिदेखि परेको पानी नरोकिएका कारण विराटनगरका विद्यालय पनि बिदा भएको छ । लगातारको वर्षापछि विराटनगर विमानस्थल नै जलमग्न भएको छ। जलमग्न भएपछि बुधवार विमानस्थल बन्द गरिएको थियो । यता पृथ्वी राजमार्गअन्तर्गत पोखरा महानगरपालिका-१४ चाउथेमा पर्ने सडकखण्ड भासिएको छ । जिल्ला प्रहरी कार्यालय कास्कीका अनुसार राजमार्ग बुधबार बिहान करिब साढे छ बजेको समयमा भासिएको हो । अविरल वर्षाले सडक भासिएपछि उक्त राजमार्ग भएर हिँड्ने सवारीसाधनसमेत लामो समय प्रभावित भएको थियो । हाल भने एकतर्फी सडक खुलेको प्रहरीले जनाएको छ ।

**विपद् व्यवस्थापनमा परिचालन हुन निर्देशन**

निमित्त प्रहरी महानिरीक्षक दीपक थापाले प्राकृतिक प्रकोपबाट हुनसक्ने क्षति न्यूनीकरणका लागि उच्च सतर्कताका साथ परिचालन हुन निर्देशन दिएका छन् । प्रहरी प्रधान कार्यालयबाट 'भर्चुअल' माध्यमबाट बुधबार समसामयिक विषयमा प्रहरी कर्मचारीलाई निर्देशन दिँदै निमित्त प्रहरी महानिरीक्षक थापाले यस्तो निर्देशन दिएका हुन् । विपद्को समयमा पहिलो घेरामा रही काम गर्नुपर्ने प्रहरीले उपलब्ध स्रोत साधनको भरपुर प्रयोग गरी आफू सुरक्षित भई उद्धारमा खटिन उनले निर्देशन दिए ।

यस्तै, नेपाल रेडक्रस सोसाइटीले देशभर भइरहेको बाढी पहिरोलगायतका विपद्मा सरकारका निकायसँग सहकार्य गर्दै विपद् प्रतिकार्यमा खटिन सम्पूर्ण रेडक्रसकर्मीलाई अनुरोध गरेको छ । यस वर्ष विगतका वर्षभन्दा वर्षाको सम्भावना उच्च भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । रेडक्रसले देशैभरका आपत्कालीन कार्य सञ्चालन केन्द्र सक्रिय बनाई समुदायमा विपद्का कारण आइपर्न सक्ने विषम परिस्थितिको आकलन गरी पूर्वतयारीसहित प्रतिकार्यका लागि तयार रहन आग्रह गरेको हो । रेडक्रसका अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपालले बुधबार विज्ञप्ति जारी गरी प्रभावित जिल्लामा उद्धार तथा सहायताका सामग्री वितरणमा संलग्न हुनसमेत सोसाइटीका प्रदेश, जिल्ला र उपशाखा सबैमा अनुरोध गरेका छन् ।

जल तथा मौसम पूर्वानुमान महाशाखाले बुलेटिन जारी गर्दै आज (बिहीबार) देशभर बदली रही केही स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षा हुन सक्ने जनाएको छ । कोशी, मधेस, बागमती, लुम्बिनी, गण्डकी र कर्णाली प्रदेशका केही स्थानमा भने भारी वर्षा हुने सम्भावना रहेको जानकारी दिएको छ । भोलि (शुक्रबार) पनि देशभर बदली रही केही स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षा हुन सक्ने महाशाखाले जनाएको छ । साथै कोशी, मधेस, बागमती र लुम्बिनी प्रदेशका केही स्थानमा भारी वर्षा हुने महाशाखाको पूर्वानुमान छ ।

■■■

## भुसाललाई खनालको साथ...

एकीकृत समाजवादीका सम्मानित नेता खनालले पार्टीलाई क्रान्तिकारी र समाजवादी बाटोमा लैजानका लागि मिलेर अगाडि बढ्ने सहमति भएको बताए । प्रभावसँगको कुराकानीमा खनालले नेता भुसालसँग भएको महाधिवेशन केन्द्रित छलफलमा वैचारिक र राजनीतिक सहमति भएको बताए । उनले भने, 'हामीहरूबीच पार्टीलाई क्रान्तिकारी र समाजवादी बाटोमा लैजानका लागि वैचारिक र राजनीतिक सहमति भएको छ। अब हामी महाधिवेशनमा मिलेर जान्छौं । यसमा दायाबायाँ हुँदैन ।'

खनाल अध्यक्षको दौडबाट पछि हटेपछि भुसाललाई प्रतिस्पर्धा पार्टी अध्यक्ष नेपालसँग हुने भएको छ । नेपाललाई हराउन भने भुसाललाई त्यति सजिलो छैन । कारण अधिकांश प्रदेशबाट आउने प्रतिनिधिमा नेपालको बहुमतजस्तो छ । पदाधिकारीदेखि सचिवालय हुँदै केन्द्रीय कमिटीसम्म आइपुग्दा पनि नेपालको पक्षमा ठूलो टिम छ । जसले गर्दा उनी अध्यक्षको दौडमा रहेकामध्ये शक्तिशाली दावेदार हुन् । उनले एमालेसँगको विद्रोहलाई अनुमोदन गर्न पनि आफू अध्यक्ष हुनुपर्ने तर्क गर्दै आएका छन् । एकीकृत समाजवादीको महाधिवेशन यही असारको १६ देखि २० गतेसम्म काठमाडौंमा हुँदै छ । यस महाधिवेशनलाई १०औं भनिएको छ । महाधिवेशनमा एक हजार ८४९ जना प्रतिनिधि सहभागी हुने उक्त पार्टीले जनाएको छ ।

# यातनापीडितको न्यायमा पहुँच सुनिश्चित गर्न आग्रह

**काठमाडौं (प्रस)**– राष्ट्रिय मानवअधिकार आयोगले व्यक्तिलाई यातना दिइनेजस्ता अमानवीय तथा अपराधजन्य कार्य नगर्न सबैलाई आग्रह गरेको छ । आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले बुधवार यातनापीडितको सहयोगार्थ अन्तर्राष्ट्रिय दिवस (२६ जुन) का अवसरमा प्रेस विज्ञप्ति जारी गरी आयोगका सिफारिस पूर्णरूपमा कार्यान्वयन गर्न र यातनापीडितको न्यायमा पहुँच सुनिश्चित गर्न सम्बन्धित सबैलाई आग्रह गरेका हुन् ।

'नेपाल पक्ष राष्ट्र भएको यातनाविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८४ ले यातनालाई मानवताविरुद्धको अपराधको रूपमा उल्लेख गरेको छ,' विज्ञप्तिमा भनिएको छ, 'यी राष्ट्रिय अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाका बाबजुद आयोगमा हालका दिनहरूमा प्राप्त उजुरी र आयोगको अनुगमनबाट नेपालमा यातना दिने कार्य अन्त्य हुन सकेको देखिँदैन, सशस्त्र द्वन्द्वका यातनापीडितलेसमेत वर्षौदेखि न्यायको अनुभूति गर्न नसकेको अवस्था छ ।'

आयोगले स्थापनादेखि यातना दिइने कार्यविरुद्ध अनुगमन तथा अनुसन्धान गर्दै आएको छ । विशेषगरी नेपालमा सशस्त्र द्वन्द्वको समयमा द्वन्द्वरत पक्षले पक्राउ गरी मानसिक तथा शारीरिक यातना दिइएका विषय उजुरी दर्ता गर्ने र ती घटनामा अनुगमन तथा अनुसन्धान गरी नेपाल सरकारसमक्ष आयोगले सिफारिस गर्दै आएको छ ।

आयोगमा यातनासम्बन्धी विचाराधीन ३७० उजुरीमध्ये चालु आर्थिक वर्षमा ५५ वटा उजुरीमा अन्तिम निर्णय भई २२ वटा उजुरीमा क्षतिपूर्ति र कारबाहीका लागि सिफारिस गरिएको छ । जसमध्ये १७ जनालाई तीन लाख ३० हजार क्षतिपूर्ति र १६ जनालाई कारबाहीका लागि सिफारिस गरिएको आयोगले जनाएको छ । तर आयोगको सिफारिसबमोजिम कारबाही गर्नेतर्फ सरकारको प्राथमिकता नदेखिएको आयोगको भनाइ छ ।

आयोगले विगतमा यातनाविरुद्धको अधिकार संरक्षणका लागि हिरासत तथा कारागारको अनुगमन र कारागार तथा हिरासत कक्षहरूलाई यातनामुक्त बनाउन निर्देशन दिँदै आएको छ । नेपालको संविधानको धारा २२ मा पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भन्ने उल्लेख गरिएको छ । यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने र पीडितले क्षतिपूर्ति पाउने हकको व्यवस्था गरिएको छ ।


**माइग्रेसन हराएको सूचना**

मितिः २०८१/०२/०१ गते कुपण्डोलदेखि सिंहदरबारसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको ब्याचलरको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : सुशीला खत्री**
**रजिस्ट्रेसन.नं.: ६-१५४-२४८-२००९**
**ठेगाना.: कुपण्डोल, ललितपुर**
**सम्पर्क: ९८०३९५६०५७**

**बीमालेख हरायो**

मिति २०८१/०२/०७ गते, रत्नपार्कदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : देवेन्द्र शर्मा**
**बीमालेख नं : १७०००९०२७**
**LIC Nepal**
**ठेगाना : इश्वरपुर-१२, सर्लाही**
**सम्पर्क नं : ९८१३१४८७४६**

**गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८१/०३/१३**

यस श्री हिमचुली सामुदायिक वन उपभोक्ता समूह तीनपाटन-१, सिन्धुलीबाट आव २०८०/०८१ मा उत्पादन भै समूह क्षेत्रमा घाटगद्दी गरी राखिएको विभिन्न लटको साल जातको गोलिया थान ५२ को कुल १२५५.८२ क्युफिट गोलिया काठ र दाउरा चट्टा १.५ व्यापारिक प्रयोजनकालागि बिक्री वितरण गर्नुपर्ने भएकोले काठ दाउरा जेजस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ (संसोधित २०८१) बमोजिम योग्य उधोगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा मध्यान्ह १२:०० बजे सम्म सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री हिमचुली सामुदायिक वन उपभोक्ता समूह तीनपाटन-१,सिन्धुली**

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**तेस्रोटक प्रकाशित मितिः २०८१/०३/१३**

यस कम्पनीको मिति २०८१/०१/२१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **मेहंदी ओभरसिज प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **किष्ट ह्युमन रिसोर्स प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०३/०६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **किष्ट ह्युमन रिसोर्स प्रा.लि.** (प्रा.लि.नं. १६६२५६) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**ठाँउ सारी सम्बन्धी सार्वजनिक सूचना**

यस सहकारी संस्था काठमाडौं महानगरपालिका वडा नं.२ लाजिम्पाटबाट सोही महानगरपालिका वडा नं.१३, टकेंश्वर, ताहाचलमा ठाँउसारी भैजाने हुनाले सम्पूर्ण शेयर सदस्य तथा सरोकार वालाहरूमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

**एसेट्स बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**का.म.न.पा. वडा नं.२, लाजिम्पाट, काठमाडौं**

**अनूसूचि १५**
**दफा ३३ को उपदफा ७ सग सम्बन्धित**

**काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

शिवालय गाउँपालिका ८ चिन्तेडाँडा बल्ले वन सामुदायिक वन क्षेत्रबाट आ.व. २०८० /०८१ मा संकलन भई समूहको घाटगद्धीमा रहेको निम्ना परिणामको खोटे सल्लाको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छूक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र छुट्टाछुट्टै बोलपत्र दाखिला गरी २२औ दिनको १२:०० बजे भित्र सम्बन्धित समूहको कार्यालयमा शिलबन्दीको बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । पूर्ण व्यहोराको सूचना सम्बन्धित सा.व.उ.स.को कार्यालय, डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**तपसिल**
**१ बन पैदावर बिक्रि वितरण :**

| सा.व.उ.स.को नाम ठेगाना | जात | गोलिया थान | ग्रेड | परिणाम क्यू.फि. | न्यूनतम मूल्य प्रति इकाई | संकलन खर्च |
|---|---|---|---|---|---|---|
| १.चिन्तेडाँडा बल्ले वन सा.व.उ.स. शिवालय ८ | खोटे सल्ला | २०७ | ए. बी | २९७१.९९ | २१० १६० | १००७३८.४ |

**UAE मा रोजगार** **SARSAN CONTRACTING LLC, UAE** पुनः बिज्ञापन

पुर्व स्विकृति मितिः 2080.11.18 चलानी नं. ६०२१५८२६ LT No.300970

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fixer | 08 | काममा दक्ष | 1200 | 43711 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Stone Mason | 10 | | 1200 | 43711 | | | | | | | |
| 3 | Painter | 11 | | 1200 | 43711 | | | | | | | |
| 4 | Accountant | 1 | | 3000 | 109278 | | | | | | | |
| 5 | Civil Engineer | 1 | | 5000 | 109278 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८१ असार २० गते (4 July 2024) हुनेछ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

**लागत खर्चः निःशुल्क**

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744

**इमेज मेनपावर प्रा.लि.**
**(लिक्वीडेशन) सम्बन्धमा**

**हकदावी गर्न आउने बारे सूचना**

कम्पनी रजिस्ट्रारको कार्यालय मा दर्ता नं. ४८४२६/०६४/०६५ मा दर्ता रहेको एक जना शेयरधनी (श्री विष्णु प्रसाद न्यौपाने) रहेको इमेज मेनपावर प्रा.लि. को मिति २०८१।०३।११ मा बसेको विशेष साधारण सभाले कम्पनी दर्ता खारेजी गर्ने र खारेजीका लागी लिक्विडेटर समेत नियुक्त गरी सकेको हुनाले हुनाले यस कम्पनीमा कोही कसैको बाँकी बक्योता, लेनदेन आदी भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको ३५ (पैतीस) दिन भित्र लिक्विडेटरको कार्यालय काठमाडौं जिल्ला किर्तिपुर नगरपालिका वडा नं. २ किर्तिपुरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी दर्ता खारेजमा लैजाने प्रकृया शुरू भै जाने जानकारी गराईन्छ ।

**सुशिल कुमार दहाल**
**(लिक्युडेटर)**
**इ.नं. १७०, फोन ९८५१०५९९४४**
**इमेल** : sushil.dahal2034@gmail.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार १३ गते २०८१, बिहीबार

- **मेष** विभिन्न माध्यमबाट अपेक्षित सहयोग पाइनेछ ।
- **वृष** परिस्थिति विचार्दै अघि बढ्नु उचित हुनेछ ।
- **मिथुन** सुझबुझले काम सल्टाउनु उचित हुनेछ ।
- **कर्कट** कमजोरी र थकानले काममा मन नलाग्न सक्छ ।
- **सिंह** दैनन्दिन काममा सक्रिय हुन खोजिनेछ ।
- **कन्या** सहजता विचार्दै आफूलाई अघि सारिनेछ ।
- **तुला** कुनै-कुनै कुरामा सम्झौता गर्नुपर्ने हुन्छ ।
- **वृश्चिक** आफ्नो कामकुराका निम्ति समय दिन खोजिनेछ ।
- **धनु** समयअनुसारका काममा ध्यान दिनुपर्ने बेला छ ।
- **मकर** नयाँ रोजगारीको सम्भावना छ ।
- **कुम्भ** काम कसरी सहज हुन्छ आफैले विचार गर्नुपर्नेछ।
- **मीन** व्यक्तित्वसित चिनजान गर्ने मौका मिल्नेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४११११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार १३ गते, २०८१, २७ जुन, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.२४ | १३३.८४ |
| युरो | १ को | १४२.९५ | १४३.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.७१ | १६९.४७ |
| स्विस फ्रैन्क | १ को | १४९.१७ | १४९.८४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.५४ | ८८.९४ |
| क्यानाडियन डलर | १ को | ९७.४० | ९७.८४ |
| सिँगापुर डलर | १ को | ९८.४७ | ९८.९१ |
| जापानी येन | १० को | ८.३५ | ८.३९ |
| चिनियाँ युआन | १ को | १८.३५ | १८.४४ |
| साउदी अरब रियाल | १ को | ३५.५२ | ३५.६८ |
| कतारी रियाल | १ को | ३६.५५ | ३६.७१ |
| थाई भाट | १ को | ३.६३ | ३.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२८ | ३६.४४ |
| मलेसियन रिङेट | १ को | २८.२८ | २८.४१ |
| दक्षिण कोरियन वन | १०० को | ९.६० | ९.६४ |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १७.०७ | १७.१४ |
| कुवेती दिनार | १ को | ४३४.४२ | ४३६.३७ |
| बहराइन दिनार | १ को | ३५३.४५ | ३५५.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचदायचन।लउ मा उपलब्ध हुनेछ ।

# सही कर्म गरी जीवन सार्थक तुल्याउन आग्रह

■ प्रभाव संवाददाता



**काठमाडौं–** भारतकी प्रसिद्ध नारीरत्न राजेश्वरी मोदी (राजदिदी) ले जीवन र त्यससँग सम्बन्धित अध्यात्मिक पक्षका बारेमा उजागर गरेकी छन् । नारायण रेकी सत्संग परिवार मुम्बईको भ्रातृसंस्थाका रूपमा स्थापित नारायण रेकी सत्संग परिवार काठमाडौंको आयोजनामा भएको 'जिन्दगीभर सुखी रहने मन्त्र' विषयक कार्यक्रममा उनले मानिसले आफ्नो जिन्दगीमा उसले गरेको कर्मको फल भोग्ने हुँदा सही कर्म गर्नुपर्ने कुरा औंल्याइन् ।

'हामी बबुलको रूख रोप्दै छौं र हामी आँप खान चाहन्छौं त्यो कदापि सम्भव छैन,' उनले भनिन्, 'आँप खानलाई आँपकै बिरुवा रोप्नुपर्दछ ।' राजदिदीले अरूको अधिकार खोस्ने र अनैतिक सम्बन्ध राख्नाले स्वास्थ्य खराब हुने र घरमा दुःख, गरिबी र अशान्ति आउने कुरा बताइन् । उनले भनिन्, 'हाम्रो आधारभूत बल भनेको आमाबुबा, सासूससुरासँगको सम्बन्ध हो । आमा मायाको प्रतीक हो तर बुबा सुपरहिरो हुनुहुन्छ । हरेक बुबाले आफ्ना सन्तानलाई राम्रो जीवन बिताउन सकोस् भनेर सतप्रतिशत दिनुहुन्छ, मार्गदर्शन गर्नुहुन्छ, सहयोग र प्रोत्साहन गर्नुहुन्छ ।'

उनले साक्षात् नारायणले आमाबाबुप्रतिको कृतज्ञता, माया, आदर र स्याहार व्यक्त गर्ने अवसर दिएको बताइन् । उनले भनिन्, 'हामीले सबै आमाबाबुलाई विनासर्त आदर र हेरचाह गर्नुपर्छ ।' प्रवचनका क्रममा रादिदीले शब्दमा ब्रह्मतत्त्वको शक्ति हुने र राम्रो कर्म गरेमा भगवान्‌ले हाम्रो असल चाहनालाई प्राप्त गर्नेतर्फ हामीलाई आकर्षित गराउन शक्तिको प्रवाह गर्ने कुरा उल्लेख गरिन् । रेकीको वास्तविक अर्थ ब्रह्माण्डको ऊर्जासँग जोडिएको बताउँदै उनले मानव शरीर तथा मस्तिष्कमा सकारात्मक ऊर्जाको प्रवाहमार्फत सकारात्मकतातर्फ अग्रसर हुने कार्य यससँग सम्बन्धित रहेकाले यस विद्याको फाइदा उठाएर आफ्नो जीवन सहज बनाउन आग्रह गरिन् ।

सन् २०१५ मा भारतको मुम्बईमा स्थापित यस संस्थाको मूल मन्त्र सबै व्यक्ति तन, मन, धन र सम्बन्धबाट स्वस्थ रहून्, सबै घरमा सुख, शान्ति, समृद्धि होस्, सबै व्यक्तिले उन्नति, प्रगति र सफलता प्राप्त गरोस् भन्ने रहेको छ । काठमाडौंस्थित नारायण रेकी सत्संग केन्द्र प्रमुख ऋचाजी केडियाले राजदिदीले सामाजिक सेवामा पुऱ्याउँदै आएको योगदानका बारेमा प्रकाश पारिन् । सत्संग कार्यक्रममा उद्योगी, व्यवसायी, कर्मचारीदेखि सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो ।

# सूचनाको हक कार्यान्वयन सन्तोषजनक : प्रतिवेदन

**काठमाडौं (प्रस)–** मुलुकमा सूचनाको हकसम्बन्धी प्रावधानको कार्यान्वयन सन्तोषजनक रहेको एक अध्ययनले देखाएको छ ।

अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग (युएसएआइडी) को सहयोगमा इन्टरनेसनल रिसर्च एण्ड एक्सचेञ्ज र द एसिया फाउण्डेसनद्वारा संयुक्तरूपमा गरिएको अध्ययनले नेपालको संविधानले गरेको व्यवस्थाको कार्यान्वयन सन्तोषजनक रहेको देखाएको हो ।

नागरिक समाज र सञ्चार क्षेत्रमा कार्यरत व्यक्तिसँग सो अध्ययन गरिएको बुधबार यहाँ आयोजित कार्यक्रममा जानकारी दिइयो । 'भाइब्रेन्ट इन्फरमेसन ब्यारोमिटर' (भाइब) नामक अध्ययन प्रतिवेदनमा नेपालले ४० पूर्णांकमा २३ नम्बर प्राप्त गरेको उल्लेख छ । उक्त प्रतिवेदनका अनुसार लुम्बिनी प्रदेशले कूल ४० मा २४ अंक र मधेस प्रदेशमा कूल ४० मा २२ अंक प्राप्त गरेको उल्लेख छ ।

प्रतिवेदनमा सूचनाको गुणस्तर, सूचना प्रवाह गर्ने माध्याम, सूचनाको खपत र संलग्नता र रूपान्तरणकारी कार्य सिद्धान्तको अध्ययन गरेर सार्वजनिक गरिएको प्रमुख अनुसन्धानकर्ता उमेश पोखरेलले जानकारी दिए । विविधतापूर्ण र समावेशी हुने गरी छनोट गरिएका विज्ञको समूहले नेपालको सूचनाको अवस्थालाई २० मुख्य सूचक र १६७ उपसूचक आधारित रहेर अध्ययन गरेको थियो । २० मुख्य सूचकमा गुणस्तरीय सूचनाको उपलब्धता, तथ्यमा आधारित सूचना, सूचनाको समावेशिता, सूचना उत्पादनमा आर्थिक पर्याप्तता, सूचनाको अधिकार, सूचनाको माध्यममा पहुँच, सरकारी सूचनामा पहुँचलगायत रहेका थिए ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले सूचनाको हकलाई संविधानमा नै उल्लेख गरिएकाले नागरिकले सही सूचना समयमै पाउनुपर्ने बताए । उनले नेपालमा सूचना र सञ्चारको क्षेत्रमा नीति, रणनीति र कानुन बनाउनका लागि यस्ता प्रतिवेदनले सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

आयोगलेसमेत नेपालको सूचनाको क्षेत्रमा अध्ययन अनुसन्धान गरिरहेको उनको भनाइ थियो । द एसिया फाउण्डेसनका देशीय प्रतिनिधी मेघन नाल्वो, युएसएआइडीद्वारा सञ्चालित 'नागरिक समाज र मिडिया'का कार्यक्रम निर्देशक अजय दासलगायतले सामाजिक सञ्जालमा आउने गलत सूचनाले जनतामा भ्रम सिर्जना गर्दै गएको बताए । राष्ट्रियस्तरको प्रतिनिधित्व गर्नेगरी काठमाडौं, लुम्बिनी र मधेस प्रदेशका सम्पादक, सञ्चार व्यवस्थापक, नागरिक समाजका सदस्य, संवाददाता, शिक्षक र अभियानकर्मीलाई अनुसन्धानमा संलग्न गराइएको थियो ।

## बोलपत्रद्वारा गोलिया काठ/ दाउरा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशित मिति : २०८१/३/१३

यस छरछरे सामुदायिक वन उपभोक्त समुह तीनपाटन गा.पा.-१ सिन्धुलीको वन क्षेत्रबाट स्वीकृत वन ब्यबस्थापन कार्ययोजना २०८०/०८१ अनुसार डिभिजन वन कार्यालय, सिन्धुलीको च.नं. २३८८ मिति २०८१/०३/१२ को व्यापारीक प्रयोजनका बिक्री सहमति बमोजिम उत्पादित काठ दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भइ बाँकि रहेका विभिन्न जातको साल गोलिया थान ८२ को १०७१.९६ क्यूफिट काठ र ३ चट्टा दाउरा हाल हाल जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक काष्ठ उद्योग व्यवसायीले यो सूचना पहिलो पटक प्रकासित भएको मितिले २१औं दिनभित्र बोलपत्र खरीद गरी २२औं दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। बिस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको ब्यहोरा सम्बन्धित सवैलाई सूचित गरिन्छ।

श्री छरछरे सामुदायिक वन उपभोक्ता समूह
तीनपाटन गा.पा. -१ , सिन्धुली

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६३/०३/२१ मा दर्ता भएको प्रा.लि.नं. ४०२६७ को **एडमिसन ग्राफिक्स प्रा.लि.** नामक कम्पनीको यस कार्यालयको मिति २०८१/०३/१२ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

## नाम परिर्वतन संम्वन्धि सूचना

मिति २०८०/११/५ मा संम्पन्न विशेष वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी ( खाङग्री ईन्टरनेशनल हस्पिटल प्रा. लि.) (Khangri International Hospital Pvt.Ltd.) मा रहेको संम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम (काष्ठमण्डप इन्टरनेशनल हस्पिटल प्रा.लि. (Kasthamandap International Hospital Pvt. Ltd.) को कम्पनीले सकार्ने व्यहोर्ने गरि नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयले मिति २०८१/०२/२२ गतेको निर्णय अनुसार कंम्पनिको नाम परिर्वतन गरि (काष्ठमण्डप इन्टरनेशनल हस्पिटल प्रा.लि. (Kasthamandap International Hospital Pvt. Ltd.) कायम गरिएको व्यहोरा यसै सूचना द्धारा जानकारी गराईन्छ ।

अनुसूचि १५
दफा ३३ को उपदफा ७ सग सम्वन्धित

## काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

शिवालय गाउँपालिका १ सिस्ने चुली ढढमेला सामुदायिक वन क्षेत्रबाट आ.व. २०८०।२०८१ मा संकलन भई समूहको घाटगद्धीमा रहेको निम्ना परिणामको खोटे सल्लाको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र छुट्टाछुट्टै बोलपत्र दाखिला गरी २२औं दिनको १२:०० बजे भित्र सम्बन्धित समूहको कार्यालयमा शिलबन्दीको बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। पूर्ण व्यहोराको सूचना सम्बन्धित सा.ब.उ.स.को कार्यालय, डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

तपसिल
१ : वन पैदावार बिक्री वितरण :

| सा.ब.उ.स.को नाम ठेगाना | जात | गोलिया थान | ग्रेड | परिणाम क्यु फि | न्युनतम मूल्य प्रति इकाई | संकलन खर्च |
|---|---|---|---|---|---|---|
| चुली ढढमेला सा.ब.उ.स.शवालय १ | खोटे सल्ला | १९९ | ए. बी. | २५१८.४६ | २१० १६० | ७,५०,०००।- |

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशित मिति :२०८१/०३/१३

यस सामुदायिक वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय, दाङको च.नं. २१२६ मिति २०८०/१२/२१ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भइ बाँकि रहेका गोलिया काठहरूलाइ डिभिजन वन कार्यालय, दाङ घोराहीको च.न. ३६६७ मिति २०८१/०३/१० को ब्यापारिक प्रयोजनको लागि बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, अस्ना, जामुन तथा हर्रो जातका गोलिया थान ६०७ को ३५०६.६० घ.फी. काठ साल जातको दाउरा १०.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक काष्ठ उद्योग व्यवसायीले यो सूचना पहिलो पटक प्रकासित भएको मितिले २१ औ दिन भित्र बोलपत्र खरीद गरी २२ औ दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत सूचना यस समूहको सूचना पाटीमा टास गरेको ब्यहोरा सम्बन्धित सवैलाई सूचित गरिन्छ ।

श्री मनसुता सामुदायिक वन उपभोक्ता समूह
बबई गा.पा. २ र ३ पतेरी, दाङ


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BAIT ALTAPOKKI RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०३/१२ LT. No. 306843 चलानी नं. ६०२२१६१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | waiter | 1 | 0 | 130 | ५६,७०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २० गते (4th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER
Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEIT AL-AYOUM OPERATION AND MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति: २०८०/०७/१३ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०३/१२ LT. No. 294374 चलानी नं. ६०२०९४८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २० गते (4th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
श्रम ईजाजत नं. १७२/०५६/५७
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAS MANPOWER COMPANY

पुर्व स्वीकृति मिति २०८१/०१/०७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/१२ LT. No. 303614 चलानी नं. ६०२१८३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 50 | 0 | 1800 | ६३,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २० गते (4th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QALAAT AL MANAKH GENERAL SECURITY GUARD SERVICES.

पुर्व स्वीकृति मिति २०८१/०३/११ LT. No. 306825 चलानी नं. ६०२२१५७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 3 | 0 | 1200 | ४३,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २० गते (4th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SOE
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Shuvam Overseas Employment Pvt. Ltd.
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9851196634, 9846061401
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MISS CARAMEL BEAUTY CENTER & SPA

पूर्व स्वीकृति मिति २०८१/०३/११ LT. No. 306776 चलानी नं. ६०२२१५८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 24 | 1200 | ४३,६६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist | 0 | 15 | 1200 | ४३,६६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २० गते (4th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SKY ANGEL GENERAL SECURITY GUARD SERVICES EST

पूर्व स्वीकृति मिति २०८१/०३/१० LT. No. 306512 चलानी नं. ६०२२१५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 5 | 0 | 1200 | ४३,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २० गते (4th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSEBUD HUMAN RESOURCE PVT. LTD
श्रम ईजाजत नं. १६६५/०८०/८१
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH A AL BARRAK AND SONS CO

पूर्व स्वीकृति मिति २०८१/०२/०९ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०३/१२ LT. No. 303563 चलानी नं. ६०२०९४६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: सनसरी, मनाल ट्रेनिङ सेन्टर, इटहरीमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: झापा, पाथिभरा ट्रेनिङ सेन्टर, दमकमा मिति: २०८१ असार २५ गते (9th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YG
श्रम ईजाजत नं. ११८२/०७३/७४
YUSHO GLOBAL PVT. LTD.
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :SMART SAND COMPANY LIMITED IS ONE PERSON

पूर्व स्वीकृति मिति २०८१/०३/११ LT. No. 306819 चलानी नं. ६०२२१५७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 10 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २० गते (4th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## जोखिम क्षेत्रमा सतर्कता बढाऊ

मुलुकमा मनसुन भित्रिइसकेको छ । लामो समय पानी नपर्दा बढेको सुक्खापन र बढ्दो तापक्रमको प्रभावमा परेका देशभरका नागरिकलाई मनसुन भित्रिएपछिको वर्षाले राहत दिलाएको छ । खेतीको सिजन भएकोले आकाशेपानीको भर पर्नुपर्ने किसानहरूलाई पनि राहत पुगेको छ । यी त मनसुनले पारेको सकारात्मक प्रभाव हुन् । तर, मनसुनसँगै विपद्को जोखिम पनि ह्वात्तै बढेको छ । मनसुनजन्य विपद्ले देशका विभिन्न स्थानमा क्षति पुर्‍याउने क्रम सुरु भएको छ ।

बुधबारमात्रै मुलुकभर बाढीपहिरो, चटयाङलगायतको विपत्तिले ठूलो जनधनको क्षति पुर्‍याएको छ । एकैदिन विपद्मा परी १६ जनाको ज्यान गएको छ । मनसुनको सुरुआतमै यति धेरै मानवीय क्षति हुनु दुःखद् विषय हो । लमजुङ, कास्की, सुनसरी, ओखलढुंगा, सुनसरी, स्याङजा, कैलालीलगायत २९ जिल्ला बाढीपहिरो र चटयाङबाट प्रभावित भएका राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले उल्लेख गरेको छ । बुधबार साँझसम्म बाढीपहिरो र चटयाङका ४४ वटा घटना भएका छन् । प्राधिकरणका अनुसार क्षतिका पूरा विवरण अझै आइसकेको छैन ।

बुधबार विपद्बाट सबैभन्दा बढी जनधनको क्षति लमजुङमा भयो । त्यहाँको क्व्होलासाथार गाउँपालिका–३ बगुमस्थित पच्युटोलमा तीनवटा घर पहिरोले पुरिँदा चार जनाको मृत्यु भएको छ । एक जना घाइते भएका छन् । पहिरोले लमजुङकै दोर्दी गाउँपालिकामा–९ मा घर भत्किँदा एक जनाको मृत्यु भएको छ । प्राधिकरणका अनुसार कास्कीमा दुई बालबालिकाको पहिरोले पुरिएर मृत्यु भएको छ । एक महिला गम्भीर घाइते भएका छन् । रातभरको अविरल वर्षाका कारण आएको पहिरोले घर पुर्दा उक्त घटना भएको बताइएको छ । कास्कीको मादी गाँउपालिका–५ चितेपानी र पोखरा महानगरपालिका–२७ आरूपाटामा पहिरोले क्षति पुर्‍याएको हो ।

कोशी प्रदेशअन्तर्गत मोरङको रतुवामाई नगरपालिका–५ मा भारी वर्षाका कारण पानी जमेको खाल्डोमा परी एक जनाको मृत्यु भएको छ । मोरङको रंगेलीमा रहेको घाँगी खोलामा आएको बाढीमा एक जना बेपत्ता भएका छन् । कोशीकै ओखलढुंगाको चिसंखुगढी गाउँपालिका–५ थुम्कीमा पहिरोले घर पुरिँदा एक महिलाको मृत्यु भएको छ । स्याङजाको पुतलीबजार नगरपालिका–१४ पुतलीखेतमा आँधीखोलाले बगाउँदा एक युवकको मृत्यु भएको छ ।

बाढीपहिरोमात्रै होइन चटयाङले पनि विभिन्न जिल्लामा ज्यान लिएको छ । रोल्पाको सुनछहारी गाउँपालिका–३ बाहिरी गाममा दुई जनाको चटयाङ लागेर मृत्यु भएको छ । कैलालीको जोशीपुर गाउँपालिका–३ र धनगढी उपमहानगरपालिका–१८ मा चटयाङले एक–एक जनाको ज्यान लिएको छ । चटयाङबाटै कपिलवस्तुमा पनि दुई जनाको मृत्यु भएको छ । जिल्लाको यशोधरा गाउँपालिका–८ भैसहियामा उक्त घटना भएको हो । यी घटनाले देशभर विपद्को जोखिम बढेको देखाउँछ । त्यसैले जोखिम न्यूनीकरणमा तीनै तहका सरकार, सुरक्षा निकाय र सरोकारवाला सबै लाग्न जरुरी देखिएको छ । विपद् कुन बेला आउँछ पत्तो हुँदैन । सम्भावित जोखिम क्षेत्रमा २४ सै घण्टा सतर्क रहौं ।

मनन्योग्य

### चाणक्य नीति

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज, क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

# प्रमुख दलहरूको विकल्प सोचौं



■ सनत गिरी

‘प्रमुख दलहरूले यतिबेला चित्तबुझ्दो काम गरिरहेका छैनन् । आफैं कसरी धनी हुने, आफ्नै छोराछोरीलाई कसरी विदेशमा पढ्न पठाउने, कसरी मन्त्री हुने, कसरी प्रधानमन्त्री हुने ध्याउन्नमा नेताहरु लागेका देखिन्छ । सत्य कुरा भन्दा प्रमुख दलका नेताहरूकै कारण वर्तमान व्यवस्था कमजोर बन्दै गएको हो । जनता खान नपाएर भोकभोकै बस्नुपर्दा पनि नेताहरु बोल्दैनन्, संसद्मा कुरा उठ्दैन । देशमा रोजगारी नपाएर लाखौं लाख युवा विदेसिएका छन् । सरकारी स्कुल छ, पढाइ राम्रो हुँदैन । धनी त आफ्ना छोराछोरीलाई निजी स्कुलमा पढाउँछन्, गरिबले के गर्ने ? यसरी हेर्दा नेपालमा यतिबेला वर्तमान राजनीतिक दलहरूको विकल्प आवश्यक छ ।

यतिबेला देशको राजनीति अस्थिर र तरल छ। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री छन् । उनी नेकपा एमालेको इशारामा चल्नुपर्ने बाध्यतामा छन् । मन्त्रीहरू एमालेको इशारामा चल्नुपरेको छ । मन्त्रीहरू एमालेकै धेरै छन्, राजदूत पनि एमालेकै धेरै सिफारिस भए । यसरी के बुझिन्छ भने प्रधानमन्त्री दाहाललाई एमाले अध्यक्ष ओलीलाई चित्त बुझाइरहनुपरेको छ ।

त्यसो त ओलीलाई यस वर्षको बजेट मन नपरेको मात्र होइन, बजेटकै विरोधमा बोल्न ओलीले आफ्ना सांसदलाई निर्देशन दिए । आफ्नै पार्टीको सरकारले ल्याएको बजेटको विरोध गर्नु अचम्म लाग्दो कुरा हो । यस्तो प्रवृत्ति विश्वमै कम देखिन्छ । यसरी हेर्दा दाहाल नेतृत्वको सरकार स्थिर छैन । हामीले कुनै पनि बेला प्रधानमन्त्री दाहाल नेतृत्वको सरकार विस्थापित भएको सुन्नुपर्ने होला ।

हुन त नेपालमा सरकार फेरबदल भइरहनु सामान्य कुरा हो । त्यसो त दलहरूले सरकारलाई दिएको समर्थन फिर्ता लिँदा प्रधानमन्त्री दाहालले बारम्बार संसद्मा विश्वासको मत लिइरहनुपरेको छ। यो शृंखला कायमै रहने देखिन्छ । कांग्रेससँगको सहकार्य छोडेर एमालेसँग सहकार्य गर्दा दाहालले आफू रहँदासम्म फेरबदल भइरहने बताएका थिए । दाहाललाई एमालेले कुनै पनि बेला छोड्ने अवस्थालाई नकार्न मिल्दैन । त्यो अवस्थामा फेरि दाहालले कांग्रेसकै साथ र सहयोग खोज्नुपर्ने छ । कि कांग्रेस, कि एमालेबाहेक दाहालको नेतृत्वमा सरकार बन्दैन ।

संघमा सरकारको यो अवस्था छ भने प्रदेशमा त्यो भन्दा अस्थिर अवस्था छ । महिनामहिनामा प्रदेश सरकार फेरिइरहेको अवस्था छ । देशको सेवा गर्छौं, जनताका लागि राम्रो गर्छौं, स्थिर सरकार चलाउँछौं भनेर आएका दलहरूले न देशको सेवा गरे, न जनताको लागि राम्रो गरे । समग्रमा भन्नुपर्दा ठूला दलहरूले व्यवस्थाकै बद्नाम गरेका छन् । सुकुम्बासीहरू सडकमा छन्, दुग्ध किसानहरू सडकमा छन्, सहकारीपीडितहरू सडकमा छन्, राजधानीको सडक नै ठाउँ-ठाउँमा हिलाम्मे छ, हिँड्न नसक्ने अवस्था छ ।

जब जनताका सरोकारका विषय नै सम्बोधन गरिँदैन भने दलहरूले यो व्यवस्था बचाउन राम्रो गरे भनेर कसरी पत्याउने ? नेताहरूकै बोली दिनदिनै फेरिँदो छ । सरकार कहिले ढल्ने हो अत्तोपत्तो छैन । सांसदहरू तलब र भत्तामा रमाइरहेका छन् । जनसवालका विषय संसद्मा उठ्दैन, उठाइँदैन । प्रधानमन्त्रीलाई पद जोगाउनुछ, मन्त्रीलाई पनि पदैं जोगाउनुछ, यो अवस्था केन्द्रमा छ भने संघमा त बताइनसक्दो अवस्था छ । मुख्य मन्त्रीहरूलाई सरकार टिकाउन धौधौ छ ।

त्यसो त यस वर्षको बजेटलाई सत्तारुढ एमालेलेसमेत राम्रो मानेन भने अन्य दलले कसरी राम्रो मान्नु ? यस वर्षको बजेटमा राष्ट्रसेवक कर्मचारीको तलब बढेन, सरकारमा पहुँचवाला सांसद र मन्त्रीको क्षेत्रमा प्राथमिकता दिएर बजेट आयो । कतै एमालेले भनेजस्तै माओवादीय बजेट आएकै हो त ? कि एमालेले जनतालाई आफ्नो 'स्टन्ट' देखाउन बजेटको विरोध गरेको हो । बजेट राम्रो बनेको हो वा होइन त्यो कार्यान्वयन चरणमा आएपछि देखिएला ।

त्यसो त देशमा दिनानुदिन महँगी बढिरहेको छ । खेतीपाती गर्ने देशका होनाहार युवाहरू दिनानुदिन विदेसिरहेका छन् । खेती गर्ने कृषकहरू नै विदेसिएपछि कसले खेती गर्छ ? बूढाबूढीले मात्र खेती किसानी गर्न सक्दैनन् । यो अवस्थामा युवाहरूलाई खेती किसानी गर्न सरकारले भरपर्दो विकल्प दिन सकेको देखिँदैन । कृषि उपजको ढुवानी गर्ने साधनहरूमा पेट्रोलियम पदार्थमा दिनदिनै मूल्यवृद्धिले पिरोलिरहेको छ । यस्तो अवस्थामा खाद्यन्नदेखि दैनिक उपभोग्य वस्तु भारतसहितका देशबाट आयात गरिरहनुपरेको छ । यस्तो अवस्थामा किन महँगी नबढ्नु ? महँगी नियन्त्रण गर्न बनेका सरकारी निकाय मुकदर्शक छन् । खाद्यन्नमा मिसावट हुन्छ, सरकारी निकाय चुप छ, नुन, तेल खाद्यान्नमा आफूखुसी मूल्यवृद्धि हुन्छ, सरकारी निकाय मौन छन् । यसरी हेर्दा नेपालमा जानीजानी मूल्यवृद्धि भइरहेको छ । मूल्यवृद्धि हुने क्रममा छ ।

त्यसो त नेपालमा दिनानुदिन भ्रष्टाचार भएको सार्वजनिक भइरहेको छ । पहिलाभन्दा यतिबेला अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सक्रियता बढिरहेको देखिएको छ । मुख्यसचिव डा. वैकुण्ठ अर्यालसम्म ठूलो धनराशीको भ्रष्टाचार गरेको आरोपमा छन् । मुख्यसचिवजस्तो उच्चपदस्थ सरकारी कर्मचारी आरोपित देखिन्छ भने अन्यको अवस्था के होला ? यदि भ्रष्टाचार गरे समातिन्छ भन्ने थाहा हुँदाहुँदै किन भ्रष्टाचार भइरहेका छन् ?

त्यसो त यदि अख्तियारले अदालतमा भ्रष्टाचारमा संलग्न देखिएका विरुद्ध मुद्दा हाले पनि अदालतबाट चोखिने क्रम बढिरहेको छ । प्रमुख पार्टीमा प्रभुत्व भएका दोषी नठहरिने र एक्लै मुद्दा लडिरहेका दोषी करार भइरहेको बुझिन्छ, देखिन्छ । थोरै भ्रष्टाचार होइन अर्बौं पनि भ्रष्टाचार हुन्छन् । त्यसैले नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न बनेका अख्तियारजस्ता निकायदेखि अदालतसमेत निष्पक्ष र थप बलियो हुन आवश्यक छ । मालपोत, गुठी विभिन्न आयोजनादेखि बढी रकम चलखेल हुने ठाउँमा भ्रष्टाचार भइरहेको छ ।

भ्रष्टाचारको पैसाले महल बन्छ, छोराछोरीलाई विदेशमा पढाइन्छ, करोडौं बैंक ब्यालेन्स हुन्छ । तर, अक्कलझुक्कल मात्र भ्रष्टहरूमाथि कारबाही हुन्छ । अनुसन्धान हुन्छ । त्यसो त कुनै व्यक्तिले लाख रूपैयाँ कमाएको देखियो भने त्यसको रिस फेर्न मुद्दा पर्छ । यसरी हेर्दा ठूला चोखिने, साना दोषी ठहरिने अवस्था छ । साँच्चै भन्ने हो भने नेपालमा ठूला-ठूला भ्रष्टाचार भइरहेकै छन् । जबसम्म सरकार, राजनीतिक दलमा रहेकाकोसमेत भ्रष्टाचार निवारण गर्ने इच्छाशक्ति हुँदैन । तबसम्म अख्तियारले मात्र भ्रष्टाचार नियन्त्रण सहज देखिँदैन ।

त्यसो त वर्तमान व्यवस्थामाथि नै प्रश्न नउठेको होइन । राप्रपा, राप्रपा नेपालजस्ता दलहरू वर्तमान व्यवस्थाको विरुद्धमा अर्थात् राजसंस्था र हिन्दूराज्यको पक्षमा संघर्षरत छन् । कतै कुनै बेला नेपालमा फेरि राजसंस्था र हिन्दूराज्य पुनःस्थापित हुने त होइन ? यो विषयलाई गम्भीररूपले लिनुपर्छ । जनताले चाहे भने कुनै पनि प्रकारको फेरबदल होला तर जनताको मन जित्नुअघि सडकमा उत्रँदैमा केही नहुने कुरा सत्य हो । दुवै राप्रपा सडकमा छन्, तर त्यो आन्दोलन किन फराकिलो बन्दै गएको छैन, त्यसको विश्लेषण गर्ने बेला आएको छ । राप्रपा, राप्रपा नेपाल र यस्तै अन्य संघसंस्था एकताबद्ध भए आन्दोलन सशक्त हुने देखिन्छ ।

सानातिना आन्दोलन गर्दैमा केही हुनेवाला छैन । जसरी प्रमुख दलहरू मिलेर आन्दोलन गरे र राजसंस्था अन्त्य गरे, त्यस्तै आन्दोलन भयो भनेमात्र नेपालमा राजसंस्था र हिन्दूराज्य पुनःस्थापित हुन सम्भव हुन्छ । प्रमुख दलहरूले यो कुरा मन नपराउन पनि सक्छन् तर यतिबेला उनीहरूले चित्तबुझ्दो काम भने गरिरहेका छैनन् । आफैं कसरी धनी हुने, आफ्नै छोराछोरीलाई कसरी विदेशमा पढ्न पठाउने, कसरी मन्त्री हुने, कसरी प्रधानमन्त्री हुने ध्याउन्नमा नेताहरू लागेका देखिन्छ । सत्य कुरा भन्दा प्रमुख दलका नेताहरूकै कारण वर्तमान व्यवस्था कमजोर बन्दै गएको हो । जनता खान नपाएर भोकभोकै बस्नुपर्दा पनि नेताहरू बोल्दैनन्, संसद्मा कुरा उठ्दैन । देशमा रोजगारी नपाएर लाखौं लाख युवा विदेसिएका छन् । सरकारी स्कुल छ, पढाइ राम्रो हुँदैन । धनी त आफ्ना छोराछोरीलाई निजी स्कुलमा पढाउँछन्, गरिबले के गर्ने ? यसरी हेर्दा नेपालमा यतिबेला वर्तमान राजनीतिक दलहरूको विकल्प आवश्यक छ । त्यो विकल्प के हुनसक्छ भन्नेबारे सोच्ने बेला आएको छ ।

# नेपाल-भारत : अर्थराजनीति



▸▸ गौरव जिसी

छिमेकी मुलुकहरूलेभन्दा नेपालले यस्ता अर्थराजनीतिक परकम्पहरु धेरै सहनुपरेको कारण देश भूपरिवेष्ठित भएको भन्दा पनि कतै नेपाल–भारत सम्बन्ध विगतदेखि वर्तमान परिप्रेक्षसम्म आइपुग्दा दुई देशबीचको परराष्ट्र मामिला तथा अन्तर्राष्ट्रिय सम्बन्ध कहीँ कतै चुक्न पुग्यो कि भन्ने प्रश्नचिह्न पनि बेलाबेलामा खडा हुने गरेका छन् ।’

भारतका २८ मध्ये पाँच राज्यसँग (सिक्किम, पश्चिम बंगाल, बिहार, उत्तर प्रदेश र उत्तराखण्ड) सीमा जोडिएको नेपालले भारतमा बेलाबखत आउनेजाने गरेका आर्थिक राजनीतिक भूकम्प तथा परकम्पहरू भोग्दै महसुस गर्दै आइरहेको कुरा त जगजाहेर नै छ । भारत स्वयं उसको आफ्नै आन्तरिक द्वन्द्व होस् या त भारतसँग जोडिएका अन्तर्राष्ट्रिय सरोकारका विषय तथा चुनौतीहरू, त्यस्ता विषयवस्तुमा भारत मुछिन पुग्दा भारतका छिमेकी राष्ट्रहरूले भोग्नुपरेको असर तथा प्रभावहरूका विषयमा नेपालजस्तो निकट छिमेकी तथा भूपरिवेष्ठित राष्ट्र धेरै नै भुक्तभोगी बन्दै आएको छ ।

अन्य छिमेकी मुलुकहरूलेभन्दा नेपालले यस्ता अर्थराजनीतिक परकम्पहरू धेरै सहनुपरेको कारण देश भूपरिवेष्ठित भएको भन्दा पनि कतै नेपाल-भारत सम्बन्ध विगतदेखि वर्तमान परिप्रेक्षसम्म आइपुग्दा दुई देशबीचको परराष्ट्र मामिला तथा अन्तर्राष्ट्रिय सम्बन्ध कहीँ कतै चुक्न पुग्यो कि भन्ने प्रश्नचिह्न पनि बेलाबेलामा खडा हुने गरेका छन् ।

नेपालले भारतसँगको परराष्ट्र मामिलालाई सर्वप्रथम राणाकालीन समयमा ब्रिटिस-भारत डिभिजन तथा भारत-ग्रेट ब्रिटेन डिभिजन भन्ने एक विशेष र छुट्टै सानो शाखा खोलिएको, जसको काम कम्पनी सरकारपक्ष तथा भारतीय सरकारको पक्षसँग वैदेशिक नीति तथा सम्बन्ध गोडमेल गर्ने, मलजल हाल्ने तथा हेरचाह गर्ने कार्यबाट सुरु भएको देखिन्छ भने विस्तारै त्यसको विशाल रूप निर्माण तथा फैलावट हुने काम भने अझ अलि धेरै भारतीय भूमिमा यी शाखाहरूको फैलावट र विस्तारमार्फत भएको देख्न सकिन्छ ।

अझ भनौं नेपाल-भारत दुईपक्षीय सम्बन्ध वि.सं. २००७ सालपश्चात अलि धेरै गाढा भएको बुझ्न सकिन्छ । राजा त्रिभुवन, राणा प्रम मोहनशमशेर राणा तथा राजनीतिक महापुरुष विश्वेश्वरप्रसाद कोइरालाबीच २००७ पुस २४ गते त्रिपक्षीय दिल्ली सम्झौता हुँदा मध्यस्थकर्ता रही आफ्नो भूमिका निर्वाह गरेका तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको कार्यकालपछि राजनीतिक, आर्थिक तथा सांस्कृतिक सम्बन्धमा कसिलो गाँठो पर्न त पर्‍यो तर अर्कोपाटोलाई हेर्ने हो भने त्यसको साथसाथै नेपाल भारतबीच विभिन्न प्रकारका आर्थिक, राजनीतिक भूकम्प तथा परकम्पहरू धेरथोर गएका र अझ पनि गइरहेको महसुस गर्न सकिन्छ ।

बेलाबेलामा देखापरेका दुईपक्षीय सम्बन्धमा खटपट अथवा असर पर्ने खालका गतिविधिहरू जवाललाल नेहरूको कार्यकालदेखि हुँदै मनमोहन सिंहको पालासम्म आइपुग्दा पनि सोहीअनुरूपकै रहेको तर त्यसपछि भने नरेन्द्र मोदी प्रधानमन्त्री भएपछि केही हदसम्म भारतले आफ्नो सम्बन्ध छिमेकी राष्ट्रहरूसँग सुधार गर्ने, अझ विशेषतः भारत र पाकिस्तानबीचको विगत लामो समयदेखि चलिआएको द्वन्द्वको अन्त्यका साथै अन्य छिमेकी राष्ट्रहरूसँग भएका साना ठूला खटपटलाई पनि निरूपण गर्दै लैजाने भन्ने खालको आश्वासन छरिँदै गर्दा बखत मोदीकै पहिलो कार्यकालमा भारतले अझ धेरै छिमेकी राष्ट्रहरूसँग सिंह जुधाउन पुगेको र त्यस कुराको आलोचना स्वयं मोदीले भारतीय भूमिमा नै बेहोर्नुपर्‍यो । त्यसमा नेपाल-भारत सम्बन्धको खटपटलाई पनि लिन सकिन्छ ।

नेपालमा संविधान जारी हुँदै गर्दाको क्रममा उताबाट अघोषित नाकाबन्दीहुँदा नेपालसँग मोदीले दुईपक्षीय सम्बन्धमा चिसो पसाएको भन्दै त्यसबखत मोदीको निकै ठूलो आलोचना भयो । दुई देशबीचको राजनीतिक खटपटको असर राजनीतिमा मात्र परेन, आर्थिक क्षेत्रसम्म त्यसको परकम्प फैलिएको थियो । नेपालले आफू भूपरिवेष्ठित राष्ट्रको हैसियतले युएनसिएलओएसअन्तर्गत पाउने अधिकारको कुरा त परै जाओस् सामान्य मानवीय नाता, अन्तर ष्ट्रिय मूल्यमान्यता तथा छिमेकीपनको सम्बन्ध र भावनात्मक मूल्यमान्यतासम्म पनि ख्याल नगरी उल्टै सदियौंदेखि चल्दै आएको दुईपक्षीय घनिष्ठ सम्बन्धको जरो उखाल्न खोजेको भनी राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा मोदीको व्यापक आलोचना भएको थियो ।

खैर नकारात्मक प्रभावको पानालाई पल्टाएर सकारात्मक पानालाई केलाउने हो भने मोदी सबैभन्दा धेरै नेपाल भ्रमण गर्ने भारतीय प्रधानमन्त्री (पाँचपटक) हुन् । पहिलो भ्रमणमा नै संसद्मा सम्बोधन गरेका थिए उनले । मोदीले नेपाल आउँदा गर्ने गरेका धार्मिक तथा तीर्थस्थलहरूको भ्रमणबाट नेपालको धार्मिक पर्यटनलाई प्रचारप्रसारमा टेवा पुगेको भनी विभिन्न व्यक्तित्वहरूले बेलाबखत प्रसंग उठाउने गरेको पाइन्छ ।

मोदीको गत कार्यकालमा विशेषतः सबैभन्दा धेरै धक्का पुग्न पुगेको विषय भनेको कालापानी, लिम्पियाधुरा र लिपुलेकसँग जोडिएको सीमा विवाद रहेको थियो । त्यसैगरी सन् २०२२ मा सैन्यभर्तीका लागि ल्याइएको अग्निपथ योजना (जसअन्तर्गत अग्निपथ योजना कार्यान्वयन भएमा भारतीय सैनिकमा नेपाली जवानहरूको भर्तीप्रति रोक लाग्नसक्ने, भर्ती भएकाहरू छिट्टै अवकाश पाउनसक्ने, गोर्खा रेजिमेन्टमा भारतले आफ्नै राज्यका जवानहरूलाई भर्ती गर्ने तथा सन् १९४७ को त्रिपक्षीय बेलायत नेपाल र भारतको सम्झौतामा धब्बा लाग्नपुग्ने र पहिचानमा असर पर्नसक्ने तथा भारतीय सैनिकमा नेपाली जवानहरूको भर्ती पूर्णकालीन नभई अल्पकालीन हुनसक्ने), सन् १९५० को शान्ति तथा मैत्री सन्धिमा नेपालले पहल गरेको खारेजी आदि पर्न गए ।

तर, अर्को पाटो हेर्ने हो भने मोदीको कार्यकालमा नेपालले थप आर्थिक हितकारी हुनेखालका साथै विभिन्न प्रकारका साथ सहयोग पाएको भन्ने कुरा पनि विश्लेषण गर्न सकिन्छ । जस्तै कि कनेक्टिभिटी तथा परियोजनाहरू, आर्थिक साझेदारी, सुक्खा बन्दरगाह विस्तार, पूर्वाधार विकासमा बढाएको हात, आगामी १० वर्षमा भारतलाई १० हजार मेगावाट जलविद्युत् निर्यात गर्ने सम्झौतामा हस्ताक्षर एवं कोलकाता बन्दरगाहमा मात्र सीमित नरही त्यसको विकल्प खोज्नेसम्मबारे भएको छलफल एवं संवाद आदि ।

भारतीय कंग्रेस आई (इण्डिया गठबन्धन)ले यसपालिको लोकसभा चुनावमा पहिलेको भन्दा केही धेरै ठाउँ विजय हुनपुग्दा भारतीय जनता पार्टी (भाजपा) को एकल बहुमतमाथि धक्का पुगेको छ । यद्यपि, भाजपा नेतृत्वको एनडिए गठबन्धनकै सरकार बनेको छ । जसको नेतृत्व मोदीले नै गरेका छन् । भारतमा प्रधानमन्त्रीको रूपमा जुनसुकै पार्टीको, जुनसुकै व्यक्ति आसिन भए पनि नेपाल-भारत दुईपक्षीय सम्बन्ध सधैं स्थिर र सन्तुलित भएको अपेक्षाका साथ दुवै देशलाई आर्थिक, राजनीतिक हित हुनेगरी कदम चाल्नुपर्ने आवश्यकता रहेको विभिन्न विश्लेषकहरूले अभिव्यक्तिबाट बुझ्न सकिन्छ । वास्तविकता पनि त्यही नै हो ।

अहिले मोदीको यो तेस्रो कार्यकालप्रति भारतीय नागरिकमात्र नभई दक्षिण एसियाली नागरिकहरू पनि विकासउन्मुख गतिविधि, व्यापार विस्तार, व्यापार र पारवाहनजस्ता प्रगतिशील विषयहरूमा समुचित विकासका निम्ति हातेमालो गर्नुपर्नेबारे धेरै आशावान रहेका छन । नेपाल-भारतको सम्बन्त्रमा अझ दुवै देशका नागरिकहरूको जीवनस्तरलाई सुधारात्मक बनाउन जरुरी रहेको एवं सम्बन्धित समस्याहरूको हल गर्नेबारे सकारात्मक भई भारतीय प्रधानमन्त्री मोदीको तेस्रो कार्यकाल चल्नुका साथसाथै एक असल तथा निकट छिमेकी राष्ट्रको रूपमा बलियो भएको हेर्न भारतीय एवं नेपाली नागरिकहरू आतुर रहेको बुझ्न सकिन्छ ।

# शुक्लाफाँटालाई पूर्णखोप पालिका घोषणा

**कञ्चनपुर (प्रस)–** शुक्लाफाँटा नगरपालिकालाई पूर्णखोप पालिका घोषणा गरिएको छ। पूर्णखोप सुनिश्चितताका लागि अपनाउनुपर्ने आवश्यक मापदण्ड पूरा भएपछि नगरपालिकालाई पूर्णखोप पालिका घोषणा गरिएको हो ।

नगरपालिकाका १५ महिनाभित्रका बालबालिकाले पाउनुपर्ने सम्पूर्ण खोप पाएकाले पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख परमानन्द भट्टले जानकारी दिए । उनका अनुसार पूर्णखोप सुनिश्चितताका लागि १६ देखि २३ महिनासम्म उमेर समूहका बालबालिकामा खोप अवस्थाको पहिचान र विश्लेषणको कार्य गरिएको छ ।

पूर्णखोप पाउने उमेर समूहका तीन हजार २८ बालबालिकामध्ये दुई हजार नौ सय ७८ बालबालिकाले पूर्णखोप पाएका छन् । बसाइँ सार्ने, मजदुरीका लागि टाढा जानेलगायत परिवारका ५० बालबालिका पूर्णखोप लगाउनबाट छुटेका छन् । इँटाभट्टालगायत मजदुरीमा संलग्न भारतीय परिवारका बालबालिकाले संक्रामक रोगविरुद्धका खोप नलगाउने भएकाले यसबाट जोखिम बढ्दो रूपमा रहेको शाखा प्रमुख भट्टले बताए । 'खोपले विभिन्न सरुवा रोग लाग्नबाट बचाउँछ,' उनले भने, 'बालबालिकालाई सरुवा रोगहरूबाट जोगाउन १२ प्रकारका क्षयरोग, भ्यागुते रोग, लहरेखोकी, धनुष्टंकार, हेपाटाइटिस बी, हेमोफिलस इन्फ्ल्युएन्जा बी, पोलियो, दादुरा, रुबेला, निमोनिया, मेनिन्जाइटिस, जापानिज इन्सेफ्लाइटिस र रोटा भाइरसविरुद्धको खोप लगाइने गरिन्छ ।'

सो अवसरमा जिल्ला समन्वय समिति कञ्चनपुरका प्रमुख दुर्गादत्त बोहराले संविधानमा नै आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकका रूपमा राखिएकाले खोप पाउनु बालबालिकाको नैसर्गिक अधिकार भएको बताए ।

नगरप्रमुख रणबहादुर महराले सम्भावित महामारी रोक्नका लागि खोप कार्यक्रम प्रभावकारी रहेको बताए । यस कार्यक्रमलाई अझै प्रभावकारी बनाई खोप लगाउनबाट छुटेका बालबालिकाको खोजी गरी पूर्णखोपको मात्रा दिनुपर्ने उनले उल्लेख गरे ।

नगर उपप्रमुख कल्पना पन्तले खोप कार्यक्रम नगरपालिकाको आफ्नो कार्यक्रम भएकाले यसको सेवालाई सुदृढीकरण गर्न साझेदार निकायको सहभागितामा वृद्धि गर्नुपर्ने बताइन् । जिल्ला समन्वय समितिका प्रमुख बोहराले पूर्णखोप सुनश्चितता तथा दिगोपनाको प्रमाणपत्र नगरप्रमुख महरालाई कार्यक्रममा हस्तान्तरण गरे । खोप कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्ने स्वास्थ्यचौकी प्रमुखहरूलाई सोही अवसरमा प्रशंसापत्र प्रदान गरिएको थियो ।

# वनक्षेत्र अतिक्रमण गरी बनाइएको भवनमा डोजर चल्यो

**सिरहा–** सिरहाको गोलबजार नगरपालिका-९ स्थित चोहर्वामा वन क्षेत्र अतिक्रमण गरी बनाइएको चारकोठे पक्की भवन डिभिजन वन कर्यालय लहान, सिरहाले भत्काएको छ ।

पूर्व-पश्चिम महेन्द्र राजमार्गको दक्षिणतर्फ स्थानीय सत्यदेव यादवले सरकारी नाप, नक्सा तथा दर्ता भएको वन क्षेत्र अतिक्रमण गरी निर्माण गरिएको भवन मंगलबार भत्काइएको डिभिजन वन कार्यालय लहानका प्रमुख सुजीतकुमार झाले जानकारी दिए । निर्माणाधीन अवस्थामै वन कार्यालयले काम रोक्न मौखिक तथा लिखितरूपमा गरेको अनुरोधलाई बेवास्ता गरेपछि घर भत्काउन बाध्य भएको उनले बताए ।

वि.सं. २०७९ को आमनिर्वाचनको समय पारेर उक्त भवन निर्माण गरिएको उनले बताए । 'हामीले निर्माणकै क्रममा पटक-पटक मौखिक तथा लिखित सूचना गरेका थियौं । उहाँले मतदानको दिन पारी कर्मचारी निर्वाचनमा खटिएको मौका छोपेर छत ढलान गर्नुभयो,' प्रमुख झाले भने, 'हामीले सबै प्रक्रिया पूरा गरेर घर भत्काएका हौं ।' सबडिभिजन कार्यालय गोलबजारबाट १५ दिने सूचना दिएर नेपाल प्रहरी, सशस्त्र प्रहरीको सहयोगमा भवन तथा जग्गा खाली गराइएको प्रमुख झाले जानकारी दिए । मधेस प्रदेश सरकारको चालु आव २०८०/८१ को कार्यक्रमअनुसार अब वन क्षेत्रको अतिक्रमण हटाइ तारबारसहितको वृक्षरोपण गर्ने योजना रहेको उनले बताए ।



वडाध्यक्ष सुरेन्द्रकुमार सिंहले जानाजानी वनक्षेत्रको जग्गामा पक्की घर बनाउन नमिल्ने भन्दै सुरुमै काम रोक्न अनुरोध गरे पनि नमानेकाले डोजर चलाउनुपरेको बताए । *रासस*

# छोरीको जन्मदर्ता गर्दा नगद प्रोत्साहन

**बागलुङ (प्रस)–** यहाँको जैमिनी नगरपालिकाले 'जैमिनीको छोरी' कार्यक्रमअन्तर्गत आगामी आर्थिक वर्षदेखि छोरीको जन्मदर्ता गर्दा दुई हजार ५०० रूपैयाँको मुद्दति खाता उपहार दिने भएको छ । नगरपालिकाले छोरीको सम्मान र उनीहरूको उज्ज्वल आर्थिक भविष्यका लागि जन्मदर्ता गरेपछि मुद्दति खातामा सो रकम जम्मा गर्ने कार्यक्रम ल्याएको नगर उपप्रमुख हरिहर शर्माले बताए ।

छोरीको भ्रुणहत्या रोक्न, छोरीप्रतिको सकरात्मक सोचको विकास गर्दै जन्मेपछि जन्मदर्ता गर्ने प्रवृतिको विकास गर्नका लागि 'जैमिनीको छोरी' कार्यक्रम ल्याइएको शर्माको भनाइ छ। उनले आगामी आवमा छोरी जन्मेपछि वडा कार्यालयमा जन्मदर्ता गर्न आउँदा नगरपालिकाले मुद्दति खाता खोलेर सो रकम जम्मा गरिदिने र अभिभावकलाई समेत उक्त खातामा दक्षअनुसारको रकम जम्मा गर्न आग्रह गर्ने बताए ।

'छोरीको उज्ज्वल आर्थिक भविष्यका लागि बचत अनिवार्य छ, बचतको महत्त्वसमेत अभिभावकलाई गराउने हाम्रो अभियान हो, अहिलेको दुई हजार ५०० रूपैयाँ ठूलो रकम बन्ने छ,' उपप्रमुख शर्माले भने, 'यसबारे साउनमै कार्यविधि निर्माण गरेर कार्यान्वयनमा जान्छौं, एक वर्षभित्र नगरपालिकामा जन्मेका छोरीहरूको जन्मदर्ताका आधारमा रकम जम्मा गर्नका लागि बजेटसमेत विनियोजन गरेका छौं ।'

बालमैत्री नगरपालिका घोषणाको तयारीमा रहेको जैमिनीले जन्मदर्तासमेत अनिवार्य रहेको भन्दै मुद्दति खाता उपहारले अभिभावकमा जन्मदर्ता गराउनुपर्ने जनचेतना जगाउने बताए । नगरपालिकाले कुश्मिसेरालाई केरा पकेट क्षेत्रका रूपमा विकास गर्न 'सेरा जाउँ, केरा खाउँ' कार्यक्रम ल्याएको छ । नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ का लागि उक्त कार्यक्रमका लागि १२ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । उक्त बजेटले केरा उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्ने र केराको प्रचार गर्ने विश्वास लिइएको छ । यस्तै दूधको बिक्रीका आधारमा प्रतिलिटर एक रूपैयाँ अनुदान दिँदै आएको नगरपालिकाले आगामी वर्ष प्रतिलिटर तीन रूपैयाँ अनुदान दिने भएको छ ।

नगरप्रमुख नरबहादुर पुनले नगरभित्रका सबै विपन्न विद्यार्थीलाई लिड विद्यालयका रूपमा रहेको सर्वोदय जनक माध्यामिक विद्यालयमा आवसीय सुविधासहित अध्यापन गराउने जानकारी दिए ।

छानबिन समितिको निष्कर्ष

# सम्झौताविपरीत नदीजन्य पदार्थ उत्खनन

**जनकपुर (प्रस)–** जिल्ला प्रशासन कार्यालय धनुषाले गठन गरेको छानबिन समितिले बडहडी खोलामा अनधिकृत उत्खनन गरी ठेकेदारले अनियमितता गरेको निष्कर्ष निकालेको छ ।

गत जेठ २८ गते जिल्ला समन्वय समिति धनुषाका इञ्जिनियर अजयकुमार यादवको संयोजकत्वमा गठित तीन सदस्यीय छानबिन समितिले ठेकेदारले अनियमितता गरेको निष्कर्षसहित मंगलबार प्रतिवेदन बुझाएको हो । समितिले धनुषाको बटेश्वर गाउँपालिका-१ स्थित बडहडी खोला उत्खननका लागि गाउँपालिकाले लगाएको ठेक्का सम्झौतामा उल्लेख भएको परिमाणको पाँच गुणा बढी गिट्टी बालुवा उत्खनन गरेको प्रतिवेदन प्राप्त भएको प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले बताए । 'छानबिन समितिले बुझाएको नापजाँचसहितको प्रतिवेदनमा सम्झौताविपरीत पाँच गुणा बढी नदीजन्य पदार्थ उत्खनन गरेको पाइएको छ । अब बैठक बसेर के कसरी कारबाही प्रक्रिया अघि बढाउने भन्ने विषयमा छलफल हुन्छ,' प्रजिअ कडरियाले भने ।

बटेश्वर गाउँपालिका कार्यालयले गत फागुन ६ गते महोत्तरी बर्दिबासको पञ्चधुरा सप्लायर्सलाई १४ हजार ४४५ घटमिटर नदीजन्य पदार्थ उत्खननको लागि २७ लाख नौ हजार रूपैयाँमा ठेक्का लगाएको थियो । ठेक्का सम्झौताअनुसार ठेकेदारले १५ जेठ २०८१ सम्म उक्त परिमाण उत्खनन गर्न पाउने थियो तर ठेकदार कम्पनीले योलगायत ३२ बुँदे सम्झौतामध्ये अधिकांश बुँदा पालना नभएका देखिएको छ ।

ठेकेदारले जेसिबी, स्काभेटर जस्ता ठूला यन्त्र प्रयोग गरी २५ फिटसम्म गहिरो खाडल बनाएर नदीजन्य पदार्थ उत्खनन गरेको प्रतिवेदनमा उल्लेख छ । यसले गर्दा निरशपुर, विजयपुर र चित्रपुर बस्ती बाढीपहिरोको जोखिममा परेका छन् । सर्वसाधारणको गुनासोपछि गत जेठ दोस्रो साता प्रजिअ कडरियाले खोलाको अनुगमन गरी कारबाहीका लागि गाउँपालिका कार्यालयलाई पत्राचार गरेका थिए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO LTD

पूर्व स्वीकृति मिति २०८१/03/१२ LT. No. 306866 चलानी नं. ६०२२१५९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Mix Worker | 30 | 0 | 1500 | ५३,४३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Worker | 20 | 0 | 1200 | ४२,७४५ | | | | | | | |
| 3 | Loading And Unloading Worker | 28 | 0 | 1200 | ४२,७४५ | | | | | | | |

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO LTD

पूर्व स्वीकृति मिति २०८१/03/१२ LT. No. 306808 चलानी नं. ६०२२१५९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Worker/concrete Finisher | 40 | 0 | 1200 | ४२,७४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waterproofing Agent | 38 | 0 | 1500 | ५३,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २० गते (4th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Skills International Human Resource Pvt.ltd.

श्रम ईजाजत नं ९५७/०६७/०६८

Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GROUP 5 SECURITY SERVICES

पूर्व स्वीकृति मिति २०८१/०२/२७ पुन विज्ञापन स्वीकृति मिति: २०८१/03/१२ LT. No.306055 चलानी नं.६०२२०८९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 8 | 1000 | ३६,९०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard | 7 | 0 | 1500 | ५५,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २० गते (4th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.

श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AHMADIAH CONTRACTING AND TRADING COMPANY

पूर्व स्वीकृति मिति २०८१/03/११ LT. No. 306775 चलानी नं. ६०२२१५८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Plaster | 20 | 0 | 110 | ४७,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 20 | 0 | 110 | ४७,९३५ | | | | | | | |
| 3 | General Labors | 200 | 0 | 95 | ४१,४०० | | | | | | | |
| 4 | Heavy Drivers | 20 | 0 | 180 | ७८,४४५ | | | | | | | |
| 5 | Mason | 20 | 0 | 110 | ४७,९३५ | | | | | | | |
| 6 | Plumber | 20 | 0 | 110 | ४७,९३५ | | | | | | | |
| 7 | Rigger | 20 | 0 | 110 | ४७,९३५ | | | | | | | |
| 8 | Scaffolder | 40 | 0 | 110 | ४७,९३५ | | | | | | | |
| 9 | Shuttering Carpenters | 20 | 0 | 110 | ४७,९३५ | | | | | | | |
| 10 | Steel Fixers | 20 | 0 | 110 | ४७,९३५ | | | | | | | |
| 11 | Technical Helpers | 10 | 0 | 110 | ४७,९३५ | | | | | | | |
| 12 | Welder | 5 | 0 | 110 | ४७,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २० गते (4th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.

Govt. License 593/062/63

(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOP ONE BUILDING CLEANING & SECURITY SERVICES

पूर्व स्वीकृति मिति २०८०/०१/१४ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/१२ LT. No. 285285 चलानी नं. ६०२००७५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब UAE | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 2 | 800 | २९,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८१ असार २० गते (4th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.

श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORK INN LOCATIONS SRL शहर : GIURGIU पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२२/११/३० पुन विज्ञापन स्वीकृति मिति : २०२४/०६/२६ LT. No. 276931 चलानी नं . ६०१९२५०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Caregiver (Female) | 0 | 5 | 600 | ७९,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 10 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 3 | Cook | 5 | 0 | 650 | ८६,४३० | | | | | | | |
| 4 | Cook Helper | 15 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 5 | Factory Worker | 20 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 6 | Gardner | 5 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 7 | General Worker | 40 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 8 | Housekeeper | 0 | 10 | 600 | ७९,७८५ | | | | | | | |
| 9 | Nanny | 0 | 5 | 650 | ८६,४३० | | | | | | | |
| 10 | Waiter | 5 | 0 | 550 | ७३,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २० गते (4th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ४०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)

श्रम ईजाजत नं. १२७५/०७४/७५

Sallaghari Marg, Bansbari, Kathmandu
Tel:-+977 4372262, 4375012
Email:-skypower.rec@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GEZE DOOR COMPANY FOR GENERAL BUILDING CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/03/१२ LT No. 306834 चलानी नं ६०२२१६०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 5 | 0 | 140 | ६१,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 5 | 0 | 140 | ६१,०१० | | | | | | | |
| 3 | Electrician | 4 | 0 | 140 | ६१,०१० | | | | | | | |
| 4 | Labour | 5 | 0 | 100 | ४३,५८० | | | | | | | |
| 5 | Painter | 5 | 0 | 140 | ६१,०१० | | | | | | | |

कम्पनी : LOCKER COFFEE WLL

पूर्व स्वीकृति मिति : २०८१/03/१२ LT No. 306835 चलानी नं ६०२२१६०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 2 | 145 | ६३,१९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 1 | 1 | 160 | ६९,७२५ | | | | | | | |
| 3 | Waiter/waitress | 1 | 1 | 120 | ५२,२९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २० गते (4th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क - १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Dubai Overseas International Pvt. Ltd.

श्रम ईजाजत नं. ७५१/०६४/०६५

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

प्रभाव दैनिक
रूपशाला
बिहीबार १३, असार २०८१ (Thursday, June 27, 2024)

## नेपाल आइडललाई प्रधानमन्त्रीले दिए गितार



नेपाल आइडल सिजन ५ का विजेता करण परियारले प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेका छन् । उनले बुधवार बिहान प्रधानमन्त्री निवास बालुवाटार पुगेर प्रचण्डलाई भेटेका हुन् । प्रधानमन्त्रीकै निम्तामा बालुवाटार पुगेका उनलाई प्रधानमन्त्रीले बधाई तथा शुभकामना दिएका थिए । उक्त अवसरमा प्रधानमन्त्रीले विजेता परियारलाई गितार उपहार दिएको प्रधानमन्त्रीको सचिवालयले जनएको छ । प्रधानमन्त्रीले खेल र सङ्गीतका खास खास इभेन्ट आफूले हेर्ने गरेको बताउँदै युवा पुस्ताका हरेक सुख दुखमा आफू साथमै रहेको समेत बताएका थिए ।

# ‘स्वस्तिमा र साम्राज्ञीको अभिव्यक्ति गैरजिम्मेवारपूर्ण’



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्रीद्वय स्वस्तिमा खड्का र साम्राज्ञी राज्यलक्ष्मी शाहले दिएको अभिव्यक्तिका कारण बढेको विवाद झनै बढ्ने देखिएको छ । कान्तिपुर टेलिभिजनको ‘इट्स माई शो’ मा दुवै अभिनेत्रीहरूले व्यक्त गरेको विचारप्रति आलोचना हुने क्रम रोकिएको छैन ।


अनमोल केसी र जसिता गुरुङको निजी जीवनबारे स्वस्तिमा र साम्राज्ञीले दिएको अभिव्यक्तिको चर्को आलोचना भइरहेको छ।

यसबीचमा नेपाल चलचित्र कलाकार संघले पनि उनीहरूले दिएको अभिव्यक्तिको निन्दा गरेको छ । बुधबार एक विज्ञप्ति निकाल्दै अध्यक्ष मोहन निरौलाले कार्यक्रम प्रस्तोता र सहभागी कलाकारको गैर जिम्मेवारीपूर्ण कार्यप्रति ध्यानाकर्षण भएको जनाएका छन् ।

विज्ञप्तिमा भनिएको छ,‘हालै एक टेलभिजनको कार्यक्रमको प्रस्तुती र त्यस कार्यक्रममा सहभागी कलाकारको अमर्यादित, अशोभनीय, गैर जिम्मेवारीपूर्ण अभिव्यक्ती प्रति नेपाल चलचित्र कलाकार संघको ध्यानाकार्षण भएको छ । उक्त कार्यक्रममा सहभागी कलाकारको अभिव्यक्तिले नेपाली चलचित्र क्षेत्र कलाकारिता पेशा, वर्ग र सामाजिक दायित्वमा आघात पुगेको हाम्रो ठहर छ । आफ्नो स्वतन्त्रता र अधिकारको प्रयोग गर्दा अरुको मान मर्दन गर्नु हुदैन भन्ने सामान्य मान्यतालाई पनि उक्त अभिव्यक्तिले लत्याएको छ’ अध्यक्ष निरौलाले जारी गरेको विज्ञप्तिमा भनिएको छ ‘एउटा सार्वजनिक कार्यक्रम मार्फत अरुको अपहेलना गर्नु, मान मर्दन गर्नु न्याय संगत ठहर्दैन र हुदैन पनि । नेपाल चलचित्र कलाकार संघले आफ्ना सदस्य कलाकारहरूलाई यस्तै अभिव्यक्ति सचेतनाका लागि विभिन्न कार्यक्रम गर्दै आइरहेको छ । भर्खरै मात्र जेष्ठ २९ गते कलाकार र आम संचार विषयक विचार गोष्ठी संचालन गरेको हामी स्मरण गराउन चाहन्छौं’।

विज्ञप्तिमा भनिएको छ- ‘यस भन्दा अघि पनि केही कलाकारहरूले सामाजिक मर्यादा विपरित अनुशासन विपरित आचार संहिता पालन नगरी अभिव्यक्ती दिनु भएकोमा संघको ध्यानाकार्षण भइ सचेत पनि गराएका थियौं। प्रस्तुत सन्दर्भमा पनि सम्बन्धित कलाकार लाई सचेत गराउदै भविष्यमा पेशा, वर्ग र चलचित्र क्षेत्रलाई असर गर्ने कुनै पनि कृयाकलाप र अभिव्यक्ती नगर्न हुन हामी यही विज्ञप्ती मार्फत अनुरोध गर्दछौ ।’

# ‘सांगीतिक बजार गीतकारको पैसाले चलिरहेको छ’



■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो समय नेपाली सांगीतिक क्षेत्रमा व्यस्त संगीतकारको परिचय बनाउन सफल लक्ष्मण पोखरेल नेपाली सांगीतिक आकाशमा आफ्नै रफ्तारमा दैाडिरहेका छन्। कहिले उदित नारायण झा दिपा नारायण झा त कहिले राजेशपायल राई स्वरूपराज आचार्य अन्जु पन्त शिव परियार प्रमोद खरेल त कहिले शान्तिश्री परियार समिक्षा अधिकारी लगायतका गायक गायिकाहरूको स्वरमा गीत रेकर्ड गर्न उनलाई भ्याई नभ्याई छ । सुगम संगीतका गीतहरूमा बेग्लै छाप छोड्न सफल संगीतकार पोखरेलका संगीतमा सबै किसिमका धुनहरू सुन्न पाईन्छ ।

आधुनिक, लोक, फिल्मी, गजल वेस्टन । छोटो समयमा धेरै काम गरेका पोखरेलले तिन वर्षको अवधिमा करिब चार दर्जन गीतहरूमा संगीत दिईसकेका छन् । वि.सं. २०६९ सालमा पहिलो गीत दिल चोर्ने हासो दिल चोर्न बाठो बोलको गीत रेकर्ड गरेर यो क्षेत्रमा प्रवेश गरेका पोखरेलले त्यसको एकदशक पछि पुन यो क्षेत्रमा प्रवेश गरेका थिए । विभिन्न कारणवश एकदशक भन्दा बढि समय नेपाली संगीतिक क्षेत्रबाट हराएका पोखरेलको कमब्याक गीत दिल रुन्छ भन्छन हो । करिब तिन वर्ष अघि रेकर्ड भएको उक्त गीतम अन्जु पन्तको स्वर रहेको छ । त्यस पछिको उनको यात्रा आजसम्म आईपुग्दा निरन्तर एउटा बेगमा दौडिरहेको छ ।

संगीतबाट सदाको लागि काम नगर्ने परिस्थितीबाट भागेका पोखरेलले फेरी त्यस्तै परिस्थितीबाट यो क्षेत्रमा बाध्य भएर लागेको बताउछन् । आज आएर सम्झिदा ति परिस्थितीहरू सृजन गर्ने सबैलाई धन्यवाद दिन चाहन्छु । किन कि ति मान्छेहरूले बेलैमा मलाई ति परिस्थितीहरूबाट भाग्न होईन लड्न सिकाए । कहिले काहि कसैले कसैले घात र विश्वास घात गर्‍यो भने पनि राम्रै हुदोरहेछ । समस्याबाट भाग्ने होईन समाधान खोज्ने तिर लाग्न सिकाउदो रहेछ मैले त्यो शिक्षा पाए । अहिले म संगीतबाटै ति सबै आनन्द लिईरहेको छु ।

लमजुङको सुन्दरबजार पाउदीमा जन्मे हुर्केका पोखरेलको पहिले गीत आफ्नै शब्द संगीतमा गायक उत्तमजंग लिम्बुको स्वरमा रहेको दिल चोर्ने हासो दिल चोर्न बाठो हो भने कमब्याक गीत अन्जु पन्तको स्वरमा रहेको दिल रुन्छ भन्छन हो । जसमा उनकै शब्द संगीत रहेको छ ।

साधना कला केन्द्र डोरेमी, राष्ट्रिय नाचघर लगायतका संगीत कला केन्द्रबाट संगीतको शिक्षा लिएका संगीतकार पोखरेलका चर्चित गीतहरूमा दिल रोएको बेला, थाहा छैन आज भोली, छोरीको जन्म, दिल रुन्छ जब, आशु दिएर गयौ, दिल रुन्छ भन्छन, आईफोन हरायो, लगायतका रहेका छन् । उनको संगीतमा उदित नारायण झा,दिपा नाराणय झा, राजेशपायत राई स्वरूपराज आचार्य, अन्जु पन्त शिव परियारप्रमोद खरेल मिलन नेवार, शान्ति श्री परियार, एलिना चौहान समिक्षा अधिकारी अनु चौधरी लगायतका गायक गायिकाहरूले स्वर दिईसकेका छन् ।

संगीतसंगै सामाजिक कार्यमा पनि उत्तिकै सक्रिय उनी छिटटै बलिउडका चर्चित गायक गायिकालाई लिएर केहि गीतहरू बजारमा ल्याउने तयारीमा रहेका छन् । पोखरेल संगीतकारसंगै एउटा राम्रो कवि तथा गीतकार समेत हुन् । विभिन्न पत्रपत्रिकामा बेलाबखत उनका कविताहरू प्रकाशित समेत हुने गर्छन् ।

थोरै काम गर्ने तर राम्रो र स्तरीय काम गर्ने सोचाईमा रहेका पोखरेल गीत संगीतको कुनै भाषा र देश नहुने बताउछन् । कला साहित्य र संगीत एउटा प्रयोग गर्ने थलो हो हामीले समय अनुसार संगीतलाई पनि प्रयोग गर्न जान्नु पर्छ भन्दछन् । आजको मिति सम्म पनि नेपाली गीत संगीतले एउटा उद्योगको रूपमा आफुलाई विकाश गर्न नसकेकोमा दुख लाग्छ भन्छन् । लुट्ने र खानेहरूले यो क्षेत्रलाई विगारीरहेको उनको बुझाई रहेको छ । आजको नेपाली संगीतिक बजार गीतकारहरूको पैसाले चलिरहेको छ । नेपाली सांगितिक क्षेत्रलाई उद्योगको रूपमा विकाश गर्न एउटा ठुलै बहस छेड्नु पर्ने आवश्यकता रहेको छ उनी भन्दछन् ।

एकदर्जन गीतहरूको रेकर्डीङमा व्यस्त रहेका संगीतकार पोखरेलका आउने तयारीमा रहेका गीतहरूमा घामपानी घामपानी, मझधारमा, रेशमी धागो,घामलागे छाता, तिमीलाई माया गर्छु भन्न पाए, आशा दिएर, जीन्दगीको यात्रा, ग्रेटर नेपाल, धुरुधुरु रुन्छ मन, लगायतका रहेका छन् भने रेकर्डिङको तयारीमा रहेका गीतहरूमा त्यो सपना हो, दिल दिए, कोहि कोहि, कसरी छुट्यो त्यो साथ, चमक चमक, अस्ट्रेलीया जाने मेरो, रातो टिका लगायतका रहेका छन् ।

बलिउडका केहि चर्चितगायक गायिकाहरूसंग उनको चाडै सहकार्य हुदैछ । विभिन्न संघ संस्थाबाट सम्मानित समेत भईसकेका पोखरले मनास्लु राष्ट्रिय एवार्ड रारा म्युजिक एवार्ड, लायन्स क्लब अफ काठमाण्डौ लगायतका संघ संस्थाबाट अवार्ड र सम्मान प्राप्त गरिसकेका छन् ।



# एसिया कप खेल्ने नेपाली टोलीको घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी महिना श्रीलंकामा हुने एसिसी महिला एसिया कप खेल्ने नेपाली टोलीको घोषण गरिएको छ ।

मुख्य प्रशिक्षक मनोज कटुवालले बिहीबार इन्दु बर्माको कप्तानीमा टोली घोषणा गरेका हुन् । एसियन क्रिकेट काउन्सिल (एसिसी)ले मंगलबार सार्वजनिक गरेको तालिका अनुसार नेपालले उद्घाटन खेलमा युएईको समान गर्नेछ । यी दुईबीचको खेल जुलाई १९ मा हुने एसिसीले जनाएको छ ।

यसअघि सार्वजनिक भएको तालिकामा नेपालको पहिलो खेल पाकिस्तानविरुद्ध थियो । उक्त तालिकालाई परिवर्तन गरिएको हो ।




समूह ‘ए’ मा रहेको नेपालले दोस्रो खेल जुलाई २१ मा पाकिस्तानविरुद्ध खेल्ने छ । समूहचरणको अन्तिम खेलमा नेपालले जुलाई २३ मा भारतको सामना गर्नेछ । समूह ‘बी’ मा बंगलादेश, श्रीलंका, मलेसिया र थाइल्यान्ड छन् । प्रत्येक समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्ने एसिसीले जनाएको छ ।

# टी-२० वरीयतामा अस्ट्रेलियाका ट्राभिस हेड शीर्षस्थानमा

**काठमाडौं (प्रस)–** अस्ट्रेलियाका ओपनर ब्याट्सम्यान ट्राभिस हेड टी- २० वरियताको ब्याट्सम्यानको सूचीमा शिर्ष स्थानमा उक्लिएका छन् ।

आइसीसीले सार्बजनिक गरेको पछिल्लो वरियतामा हेडले चार स्थानको सुधार गर्दै ८४४ रेटीङसहित शिर्ष स्थानमा उक्लिएका हुन् । यस अघि शिर्ष स्थानमा रहेका भारतका सूर्यकुमार यादव दोस्रो स्थानमा झरेका छन् भने दोस्रो स्थानमा रहेका ईङल्याण्डका




फिल साल्ट तेस्रो स्थानमा झरेका छन् ।

त्यस्तै पाकिस्तानका बाबर आजम र मोहमद रिजवान चौथो र पाँचौं स्थानमा झरेका छन् । त्यस्तै वेस्ट इन्डिजक जोन्सन चार्लेजले चार स्थानको सुधार गर्दै टप टेनमा इन्ट्री गरेका छन् । टी-२० क्रिकेटमा ब्याट्सम्यानको वरियतामा नेपालका दीपेन्द्र सिंह ऐरी ४६औं स्थानमा छन् भने अल राउण्डरको वरियतामा ऐरी सातौं स्थानमा रहेका छन् । त्यस्तै नेपालका कप्तान रोहित पौडेल ६१औं स्थानमा छन् भने आसिफ सेख ६९औं स्थानमा छन् ।

# आर्मीलाई राष्ट्रिय हक्कीको उपाधि

■ प्रभाव संवाददाता

**पोखरा–** नेपाल आर्मीले पाँचौं गिरिजाप्रसाद कोइराला स्मृति राष्ट्रिय पुरुष हक्की प्रतियोगिताको उपाधि बुधबार जितेको छ । पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्डहलमा भएको फाइनलमा आर्मीले नेपाल प्रहरी क्लबलाई ५-१ गोल अन्तरले पराजित गऱ्यो । आर्मीका प्रदीप राजवंशीले ४ गोल गरे। अर्को गोल दीपेन्द्र ऐरले थपे। प्रहरीका रोमन रानाले सान्त्वना गोल फर्काए ।

आर्मीका मनोज चौधरी फाइनल खेलको ‘प्लेयर अफ द म्याच’ घोषित भए। उपाधिसँगै आर्मीले ५० हजार नगद पुरस्कार पायो भने प्रहरीले ३० हजार नगद पुरस्कार हात पाऱ्यो । नेपाल हक्की संघद्वारा आयोजित प्रतियोगितामा गण्डकी प्रदेशले कर्णाली प्रदेशलाई ७-१ गोलले हराउँदै तेस्रो भयो ।

गण्डकीका लागि ‘प्लेयर अफ द म्याच’ असीम बाहेकले ह्याट्रिक गरे भने प्रेम विकले २ तथा कुशल नेपाली र पवन परियारले समान १-१ गोल गर्दै जित अन्तर फराकिलो बनाए । गण्डकीले



१५ हजार नगद पुरस्कार प्राप्त गऱ्यो ।

प्रतियोगितामा दीपेन्द्र ऐर उत्कृष्ट खेलाडी, पुरन ओली उत्कृष्ट गोलरक्षक र रोशन चौधरी उत्कृष्ट डिफेन्डर घोषित भए भने प्रदीप राजवंशी सर्वाधिक गोलकर्ता बने। उत्कृष्ट चारै आर्मीका हुन् । कर्णालीका सुशान्त रोकाया उदीयमान खेलाडी चुनिए ।

पाँचैले जनही ५ हजार नगद पुरस्कार प्राप्त गरे। विजेतालाई गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दुकुमार थापा, पूर्व सभासद् शारदा पौडेल, प्रदेश खेलकुद परिषद्, गण्डकीका सदस्य-सचिव श्रीधर शर्मा, नेपाल लोकतान्त्रिक खेलकुद संघका अध्यक्ष देवेन्द्र शेरचन, नेपाल हक्की संघका अध्यक्ष अनिलप्रसाद शर्मालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । तीन दिने प्रतियोगितामा दुई विभागीय र ६ प्रदेश गरी ८ टिमको सहभागिता रहेको आयोजक हक्की संघकी महासचिव सुवर्ण श्रेष्ठले जनाएकी छन् ।

# अर्जेन्टिना कोपाको क्वार्टरफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** डिफेन्डिङ च्याम्पियन अर्जेन्टिना कोपा अमेरिकाको क्वार्टरफाइनलमा प्रवेश गरेको छ । समूह एमा रहेको अर्जेन्टिना लगातार दोस्रो जित निकाल्दै अन्तिम ८ मा स्थान पक्का गर्न सफल भएको हो ।

अमेरिकाको न्युजर्सीमा सम्पन्न खेलमा अर्जेन्टिनाले चिलीमाथि १-० को कठिन जित निकाल्न सफल भयो । ६० प्रतिशत बल आफ्नो नियन्त्रणमा राखेको अर्जेन्टिनाले गोलका लागि भने निकै संघर्ष गर्नु परेको थियो । अर्जेन्टिनाका लागि ८८ औं मिनेटमा लाउटारो मार्टिनेजले सेन्टरबाट आएको पासलाई गोलमा परिणत गर्दै अग्रता दिलाएका थिए । सोही अग्रता अन्तिमसम्म जोगाउँदै तालिकामा ३ अङ्क थप्न सफल भयो ।

यही समूहमा रहेको क्यानडाले पेरुलाई पनि १-० गोल अन्तरले पराजित गरेको छ । जितसँगै पहिलो ३ अङ्क जोडेको क्यानडा ३ अङ्कका साथ दोस्रो स्थानमा रहेको छ ।

पहिलो खेलमा अर्जेन्टिनासँग पराजित भएको क्यानडाले दोस्रो खेलमा जित निकालेपछि क्वार्टरफाइनलको सम्भावना यद्यपि कायमै राखेको छ । पेरुले क्यानडालाई दबाबमा राखे पनि ५९ औं मिनेटमा १० खेलाडीमा समेटिएको थियो ।

पेरुका मिगुएल अराउजोले फल गरेपछि भिडियो एसिस्टेन्ट रेफ्री (भार)को सहायतामा रातो कार्ड देखाइएको थियो । त्यसपछि भने पेरु दबाबमा आउँदा त्यसको फाइदा क्यानडाले लिन पुग्यो ।

क्यानडाका जोनाथन डेभिडले ७४ औं मिनेटमा ज्याकब सेफलबर्गको पासमा गोल गरेका थिए । सोही गोल नै क्यानडालाई स्पष्ट ३ अङ्क दिलाउन पर्याप्त भयो ।



**युद्धको कहर** | गाजा सहरको पश्चिममा रहेको अल–शाती शरणार्थी शिविरमा इजरायली हवाई हमलाबाट विद्यालयमा भएको क्षतिको निरीक्षण गर्दै एक प्यालेस्टिनी नागरिक ।
*तस्बिरः सिन्ह्वा*

# लागुऔषध दुरूपयोगको समस्या बढ्दो क्रममा रहेको राष्ट्रसंघको चेतावनी



**भियना–** नयाँ 'सिन्थेटिक ओपिओइड'को उदय र अन्य औषधिको बढ्दो आपूर्ति र मागले लागुऔषध दुरूपयोग र अन्य हानि बढ्दै गएपछि संयुक्त राष्ट्र संघले बुधबार एक प्रतिवेदन सार्वजनिक गर्दै विश्वभर यसको समस्या बढ्दै गइरहेको चेतावनी दिएको छ । सन् २०२२ मा विश्वभर कूल दुई करोड ९२ लाख मानिसहरूले लागुऔषध प्रयोग गरेका थिए जुन अघिल्लो दशकको तुलनामा २० प्रतिशतले वृद्धि भएको संयुक्त राष्ट्रसंघीय लागुऔषध तथा अपराध कार्यालय (युएनओडिसी) ले बुधबार सार्वजनिक गरेको विश्व लागुऔषध प्रतिवेदन २०२४ ले जनाएको छ ।

सन् २०२२ मा विश्वभर करिब २२ करोड ८० लाख मानिसले प्रयोग गरेसँगै गाँजा सबैभन्दा व्यापकरूपमा प्रयोग हुने लागुऔषध बनेको छ । विश्वव्यापीरूपमा अनुमानित ६४ करोड मानिस लागुऔषध दुर्व्यसनीको सिकार भएका छन् जसमध्ये करिब नौ प्रतिशतमात्र उपचाररत रहेको प्रतिवेदनले जनाएको छ ।

प्रतिवेदनले लामो समयसम्म कोकिनको आपूर्ति र मागमा वृद्धि हुने चेतावनी दिएको छ । सन् २०२२ मा विश्वव्यापीरूपमा दुई हजार ७५७ टन कोकिन उत्पादन गरिएको थियो जुन अघिल्लो वर्षको तुलनामा २० प्रतिशतले वृद्धि भएको हो । कोका झाडीको विश्वव्यापी खेती क्षेत्र १२ प्रतिशतले बढेर सन् २०२२ मा तीन लाख ५५ हजार हेक्टरमा पुगेको छ । कोकिनको बढ्दो उत्पादन र मागले विशेषतः इक्वेडर र क्यारिबियन राष्ट्रमा हिंसामा वृद्धि भएको छ । साथै पश्चिमी र मध्य युरोपलगायत गन्तव्य देशको स्वास्थ्यमा हानि भइरहेको प्रतिवेदनमा उल्लेख छ ।

क्यानडा, उरुग्वे र संयुक्त राज्य अमेरिकाका २७ क्षेत्राधिकारले जनवरी २०२४ सम्म गैरचिकित्सा प्रयोगका लागि गाँजाको उत्पादन र बिक्रीलाई कानुनी मान्यता दिएको उल्लेख गर्दै युएनओडिसीको वार्षिक प्रतिवेदनले गाँजाको वैधानिकीकरणको प्रतिकूल प्रभावबारे पनि चेतावनी दिएको छ । क्यानडा र संयुक्त राज्यमा विशेषगरी युवा वयस्कहरूमा नियमित गाँजा प्रयोगका कारण मानसिक विकार भएका व्यक्तिको अनुपात र सम्बन्धित आत्महत्याको प्रयास बढेको प्रतिवेदनले बताएको छ ।

'लागुऔषध उत्पादन, बेचबिखन र प्रयोगले अस्थिरता र असमानतालाई बढावा दिन जारी राखेको छ र जनताको स्वास्थ्य, सुरक्षा र कल्याणमा हानि पुऱ्याइरहेको छ,' युएनओडिसीका कार्यकारी निर्देशक घडा वलीले एक विज्ञप्तिमा भने । उनले लागुऔषध प्रयोगबाट प्रभावित मानिसहरूलाई प्रमाणमा आधारित उपचार र सहयोग प्रदान गर्न र अवैध लागुऔषध बजारको रोकथाम गर्न आह्वान गरेका छन् । *रासस/सिन्ह्वा*

राहुल गान्धीले भने–

# कंग्रेसले जनताको प्रतिनिधित्व गर्छ



**नयाँदिल्ली–** भारतका नयाँ विपक्षी दलका नेता राहुल गान्धीले एक दशकदेखि रिक्त रहेको पदको औपचारिकरूपमा कार्यभार सम्हालेपछि आफ्नो पहिलो सम्बोधनमा आफ्ना सांसदहरू चुप लागेर नबस्ने संसद्मा अन्यायविरूद्ध आवाज बुलन्द गर्ने बताएका छन् । विपक्षी सांसदहरूले मोदी प्रशासनलाई चुनौती दिने आशासहित गान्धीलाई विपक्षी नेताका रूपमा चयन गरेका छन् ।

'सरकारसँग राजनीतिक शक्ति छ, तर विपक्षले पनि भारतीय जनताको आवाजको प्रतिनिधित्व गर्छ,' गान्धीले संसद्को तल्लो सदनमा सम्बोधन गर्दै भने, 'यसपटक, विपक्षीले भारतीय जनताको आवाजलाई उल्लेखनीयरूपमा प्रतिनिधित्व गर्ने छ ।' कुनै समयको शक्तिशाली भारतीय राष्ट्रिय कंग्रेससँग संसद्मा आवाज बुलन्द पार्न विधायिकामा पर्याप्त सिट थिएनन् । पहिलो दुई कार्यकालमा प्रधानमन्त्री मोदीको भारतीय जनता पार्टी (भाजपा) ले भारी मतान्तरले विजय हासिल गरेपछि संसद्मा विपक्षीहरूको आवाज 'शून्य' बनेको थियो ।

भाजपाले यस वर्षको चुनावमा मात्र २४० सिट जितेको छ, जुन एक दशकयताकै सबैभन्दा कम सदस्य संख्या हो र बहुमतका लागि आवश्यक सदस्यभन्दा ३२ सिट कम हो । यसले गर्दा भाजपाले ५४३ सिटको तल्लो सदनमा २९३ सिटको बहुमत निर्माण गर्न गठबन्धनका सहयोगीहरूमाथि भर परेको छ । त्रिहत्तर वर्षीय मोदीले सोमबार 'सहमति'का लागि विपक्षीलाई आग्रह गरेका थिए ।

### सभामुखसँग गान्धीको आग्रह

सन् २०१४ मा मोदीसत्तामा आएयता कंग्रेस राजनीतिक उजाडस्थानबाट बचाउँदै सबैभन्दा राम्रो परिणाम दिलाउन सफल भएको छ । 'हामी चाहन्छौं, सदन निरन्तर र राम्रोसँग चलोस्,' गान्धीले भाजपाका तर्फबाट नयाँ कार्यकालका लागि सभामुख निर्वाचित ओम बिडलालाई संकेत गर्दै भने ।

उनले भने, 'विश्वासका आधारमा सहकार्य हुनु र यो सदनमा प्रतिपक्षको आवाजलाई प्रतिनिधित्व गर्न दिनु अति आवश्यक छ ।' प्रधानमन्त्री मोदीको दल भाजपाले सबै महत्त्वपूर्ण क्याबिनेट पदहरूमा नियन्त्रण कायम राखेको छ । विश्लेषक भन्छन्, 'प्रधानमन्त्री मोदीले संसद्मार्फत थप कानुनहरू बनाउन आफ्नो गठबन्धनभित्र सहमति खोज्न बाध्य हुनुहुनेछ ।'

गान्धीले बिडलालाई संकेत गर्दै भने, 'सभामुखको भूमिका कानुन पारित गर्न सजिलो बनाउनेमात्र होइन, लोकतान्त्रिक बहसलाई फस्टाउने सुनिश्चित गर्नु पनि हो । सदन कति कुशलतापूर्वक चलाइएको छ भन्ने प्रमुख प्रश्न नभई यो सदनमा भारतको आवाज कति सुन्न दिइएको छ भन्ने हो ।' उनले अगाडि भने, 'प्रतिपक्षको आवाजलाई दबाएर सदनलाई कुशलतापूर्वक सञ्चालन गर्न सकिन्छ भन्ने विचार अलोकतान्त्रिक विचार हो ।' यो निर्वाचनले के देखाएको छ भने भारतका जनताले विपक्षीले यो देशको संविधानको रक्षा गर्ने अपेक्षा गरेका छन् । *रासस/एएफपी*

# असान्जको कानुनी संघर्ष समाप्त भएकोमा अस्ट्रेलियाका प्रधानमन्त्री खुसी





**क्यानबेरा–** अस्ट्रेलियाका प्रधानमन्त्री एन्थनी एल्बनिजले बुधबार अमेरिकासँग भएको सम्झौताका कारण विकिलिक्सका संस्थापक जुलियन असान्जको लामो कानुनी संघर्ष समाप्त भएकोमा खुसी व्यक्त गरेका छन् । अमेरिकाको सपुर्दगीविरुद्ध लन्डनको उच्च सुरक्षा भएको बेलमार्श जेलमा पाँच वर्षभन्दा बढी समय बिताएपछि असान्ज आफ्नो गृहदेश अस्ट्रेलिया फर्कने उडानमा छन् ।

अस्ट्रेलियाका ५२ वर्षीय नागरिक असान्जले अमेरिकी राष्ट्रिय सुरक्षासम्बन्धी गोप्य सूचना प्राप्त र प्रसार गरेको अभियोग लगाइएको हो । 'म अत्यन्त खुसी छु । यो परिणाम अत्यधिक अस्ट्रेलियालीहरूले हेर्न चाहेको म विश्वास गर्दछु । असान्जको संलग्नता र गतिविधिको बारेमा सबैको फरक-फरक विचार छन् तर उनीहरू यस लामो कानुनी गाथाको अन्त्य भएकोमा र आफ्नो परिवारसँग पुनर्मिलन गर्न सक्षम भएकोमा खुसी हुने छन्,' प्रधानमन्त्री अल्बानिजले संसद्मा भने ।

अपिल सम्झौताअनुरूप बुधबार प्रशान्त महासागरमा अवस्थित उत्तरी मारियाना आइल्याण्डको अदालतले असान्जलाई षड्यन्त्रसम्बन्धी एउटा मात्र मुद्दामा दोषी ठहर गरेको र तत्काल रिहा गर्ने आदेश दिएको छ । उनलाई अदालत पहिले नै जेलमा बिताइसकेको अवधिको सजाय सुनाएको हो । अदालतको फैसलापछि उनी स्वतन्त्ररूपमा आफ्नो देश फर्कने भएका छन् । 'असान्जको मुद्दाको समाधान धैर्य र दृढ कामको परिणाम हो र यस कामप्रति म गर्व गर्छु' अल्बानिजले भने । *रासस/एएफपी*

# अन्तःशुल्क मामिलामा केजरीवाल अदालतबाटै पक्राउ

**नयाँदिल्ली–** भारतको केन्द्रीय अनुसन्धान ब्युरो (सिबिआई) ले दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई बुधबार अदालतबाट पक्राउ गरेको छ । न्यायाधीशले आम आदमी पार्टी (आप) का राष्ट्रिय संयोजक केजरीवाललाई अदालतमा सोधपुछ गर्न अनुमति दिएपछि सिबिआईले बुधबार उनलाई पक्राउ गरेको हो ।

अदालतले सिबिआईलाई उनको गिरफ्तारीका लागि सिबिआईसँग भएका सामग्री रेकर्डमा राख्न पनि भनेको छ । अदालतले जारी गरेको प्रोडक्सन वारेन्टको पालना गर्दै केजरीवाललाई बुधबार नै न्यायाधीश अमिताभ रावतको इजलाशमा उपस्थित गराइएको थियो । सुनुवाइका क्रममा केजरीवालकी पत्नी सुनिता केजरीवाल, आपका राज्यसभा सांसद सञ्जय सिंह र आप नेता दिलीप पाण्डे अदालतमा उपस्थित भएका थिए ।

सिबिआईका विशेष सरकारी अभियोजक डिपी सिंहले केजरीवालका वकिलको निवेदनविरूद्ध बहस गर्दै यसप्रति आफ्ना भिन्न मत राखेका छन् । मंगलबार केजरीवालले तिहाड जेलमा पुगेर अन्तःशुल्क नीति प्रकरणसँग सम्बन्धित आफ्नो बयान रेकर्ड गराएका थिए । उनलाई प्रवर्तन निर्देशनालयले यस वर्षको मार्च २१ मा अन्तःशुल्क नीतिबारे भ्रष्टाचार अभियोगमा पक्राउ गरेको थियो । यस मुद्दामा उनी न्यायिक हिरासतमा छन् ।

आम आदमी पार्टीका एक वकिलले पनि एक्समा पोस्ट गर्दै भनेका छन्, 'सर्वोच्च अदालतले केजरीवाल अनुसन्धानमा सामेल भएको लगभग एक वर्षपछि सोही मामिलामा सिबिआईलाई पक्राउ गर्न भनेको छ ।' दिल्ली उच्च अदालतले मंगलबार मुख्यमन्त्री केजरीवालको तल्लो अदालतले जारी गरेको जमानत आदेशमा रोक लगाएको छ र उसले भनेको छ, 'अदालतले कमसे कम 'मनी लाउन्ड्रिङ अधिनियम (पिएमएलए)' को धारा ४५ को दुवै सर्त पूरा गर्नका लागि आफ्नो सन्तुष्टि दर्ज गर्नुपर्छ ।' *रासस/एएफपी*

# कराँचीमा अत्यधिक गर्मीका कारण २५ जनाको मृत्यु

**इस्लामावाद–** पाकिस्तानको दक्षिणी बन्दरगाह सहर कराँचीमा विगत तीन दिनदेखि अत्यधिकरूपमा तापक्रम वृद्धिका कारण २५ जनाको मृत्यु भएको र हजारौंलाई अस्पतालमा भर्ना गरिएको उद्धार टोली र स्थानीय सञ्चारमाध्यमले मंगलबार जनाएका छन् ।

उच्च तापक्रमका कारण धेरै बिरामीहरूमा पानीको मात्रा कम भएको र प्राथमिक उपचारपछि डिस्चार्ज गरिएको चिकित्सकहरूले बताएका छन् । यद्यपि, मुटुको रोग र क्यान्सर जस्ता दीर्घरोग भएका केही व्यक्तिलाई थप उपचारका लागि अस्पतालमा राखिएको स्थानीय सञ्चारमाध्यमले जनाएको छ ।

पाकिस्तानको मौसम विज्ञान विभागका अनुसार मुख्यतया सहरमा समुद्री हावाको अवरोधका कारण विगत तीन दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस नाघेको बताएको छ । मौसम विभागले बुधबार साँझ कराँचीमा समुद्री हावा फेरि सुरु हुने जसले गर्दा तापक्रममा क्रमिक गिरावट आउन सक्ने पूर्वानुमान गरेको छ । *रासस/सिन्ह्वा*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANWAR MUSHRIFA TRANSPORT. EST.
पूर्व स्वीकृति मिति २०८१/०३/१२ LT. No. 306838 चलानी नं. ६०२२१६०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ANWAR MUSHRIFA TRANSPORT. EST.
पूर्व स्वीकृति मिति २०८१/०३/१२ LT. No. 306837 चलानी नं. ६०२२१६०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २० गते (4th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1241/074/075
Aarambha H R Services Pvt.Ltd
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com
Website : www.aarambhahr.com

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERNATIONAL WORK FINDER
पूर्व स्वीकृति मिति २०७९/११/१७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/१२ LT. No. 281582 चलानी नं. ६०१९८१६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव USD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 9 | 550 | ७३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 5 | 0 | 650 | ८६,६५० | | | | | | | |
| 3 | Cook Helper | 10 | 0 | 550 | ७३,३१५ | | | | | | | |
| 4 | Factory Worker | 35 | 0 | 550 | ७३,३१५ | | | | | | | |
| 5 | Gardener | 5 | 0 | 550 | ७३,३१५ | | | | | | | |
| 6 | General Worker | 34 | 10 | 550 | ७३,३१५ | | | | | | | |

कम्पनी : MULTI PROFESSIONAL SOLUTIONS SRL
पूर्व स्वीकृति मिति २०७९/११/१७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/१२ LT. No. 281583 चलानी नं. ६०१९८१६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव USD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 97 | 0 | 550 | ७३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

VENUE: Bajeko Sekuwa (Divya Shree Hotel) Nagdungha - 8, Pokhara मा मितिः २०८१ असार २१ गते (5th July 2024) मा हुनेछ ।
Mob: 9802853454, 9802853456, 9802853457, Pradip Sunar: 9856002972 And 9707550662

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः ४०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT LTD
श्रम इजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: Amconoverseas123@gmail.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४१६०० | प्रति तोला - १४०९०० | प्रति तोला - १७९० |



**तानमा लुगा** | कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-७ जुडाका जगतबहादुर सिंह तानमा कपडा बुन्दै । स्थानीयस्तरमै पाइने अल्लोलगायत प्रशोधनबाट धागो निर्माण गरी सिंहले घरमै कपडा बुनेर आम्दानी गर्दै आएका छन् । *तस्बिर: राजेन्द्रप्रसाद पनेरु/रासस*

## नेपालमा थप लगानीका लागि ओपेक फन्डसँग आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानीको अपार सम्भावना रहेको बताउँदै लगानी विस्तारका लागि ओपेक फन्डलाई आग्रह गरेका छन् । अष्ट्रियाको भिएनामा मङ्गलबार ओपेक फन्डका अध्यक्ष अब्दुलहमिद अल्खलिफा र उपाध्यक्ष तारेक अलनासरसँगको भेटमा अध्यक्ष ढकालले नेपालमा लगानीको अपार सम्भावना रहेको बताउँदै ओपेक फन्डका लागि नेपाल नयाँ र ठूलो लगानीको गन्तव्य बन्न सक्ने बताएका हुन् ।

अध्यक्ष ढकालले विश्वका उदाउँदा ठूला अर्थतन्त्र, चीन र भारतका बीचमा रहेको नेपालको रणनीतिक अवस्थितिले गर्दा यी दुई देशको बजार, पर्यटन र विकासको फाइदा नेपालले लिन सक्ने बताएको महासंघले जनाएको छ । उनले नेपालमा लगानीका लागि सहज वातावरण बन्दै गएको उल्लेख गरे । ढकालले नेपालमा पर्यटन, ऊर्जा, पूर्वाधार, कृषि, सूचना प्रविधिलगायत क्षेत्रहरूमा लगानीको ठूलो सम्भावना रहेको बताए ।

नेपाल सरकार र भारत सरकारबीच सम्पन्न दीर्घकालीन विद्युत् व्यापार सम्झौताको स्मरण गर्दै ढकालले यसले नेपालको अथाह ऊर्जा सम्भावनालाई बजारसम्मको पहुच पुर्‍याउने हुँदा जलविद्युत् तथा नवीकरणीय ऊर्जामा लगानीका अवसर रहेको बताए ।

त्यसैगरी अर्को छिमेकी मुलुक बङ्गलादेशसँगको विद्युत् व्यापार सम्झौता अन्तिम चरणमा रहेको उल्लेख गरे । उनले नेपालको सांस्कृतिक सम्पदा, प्राकृतिक सुन्दरता, युवा तथा ऊर्जाशील जनशक्तिको पनि उचित लाभ लिन नेपालमा पर्यटन, कृषि तथा सूचना प्रविधिको पूर्वाधार विकासमा लगानी गर्न सकिने बताए ।

नेपाल सरकारले हालै लगानीका लागि बाधक ठानिएका केही पुराना कानुनहरू संशोधन गरेको सन्दर्भ उल्लेख गर्दै महासंघसँगको सहकार्यमा नेपाल सरकार मुलुकमा लगानीमैत्री वातावरण निर्माण गर्न प्रतिबद्ध रहेको उनले उल्लेख गरे ।

त्यसैगरी, महासंघको पहलमा दुई पक्षीय लगानी (बिआइए) फ्रेमवर्क तयार भई मन्त्रिपरिषद्बाट पारित समेत भइसकेको छ । यसले पनि वैदेशिक लगानीको सुरक्षा र लगानीको वातावरण निर्माणमा सहयोग पुग्नेछ, उनले भने । मलुकमा लगानी भित्र्याउन र लगानीको वातावरण बनाउन नेपाल उद्योग वाणिज्य महासंघले निरन्तर पहल गरिरहेको उल्लेख गर्दै अध्यक्ष ढकालले महासंघले केही समय पहिले भारतको नयाँ दिल्ली, चीनको बेइजिङ र युएईको दुबईमा बिजनेस समिटको आयोजना गरेको बताए ।

महासंघ नेपालमा कुनै पनि लगानीकर्तालाई आवश्यक सहजीकरण गर्न तयार रहेको बताउँदै नेपाली लगानीकर्ताहरू विदेशी लगानीका साथ नेपालमा हुने लगानीमा कुनै पनि क्षेत्रमा साझेदारीका लागि तयार रहेको समेत बताए । महासंघका अनुसार ओपेक फन्डका अध्यक्ष अब्दुलहमिद अल्खलिफाले नेपालमा ओपेक फन्डले गरेका लगानीको चर्चा गर्दै नेपालको नवीकरणीय ऊर्जा, जलविद्युत् तथा साना तथा मझौला उद्योगको प्रवर्द्धनमा ओपेक फन्डले थप लगानी गर्न तयार रहेको छ ।

## ढल्केबर-इनरुवा प्रसारणलाइन सञ्चालनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** विद्युत् प्रसारण प्रणाली सुदृढीकरण तथा विश्वसनीय बनाउन र नेपाल-भारतबीचको विद्युत व्यापार विस्तारका लागि निर्माणाधीन हेटौंडा-ढल्केबर-इनरुवा चार सय केभी प्रसारण लाइनअन्तर्गत ढल्केबर-इनरुवा खण्ड सञ्चालनमा आएको छ । धनुषाको ढल्केबरबाट सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसम्मको एक सय ५४ किलोमिटर प्रसारण लाइन चार्ज गरी सञ्चालनमा ल्याइएको हो । ढल्केबर र इनरुवा चार सय केभी सबस्टेसनमा जोडेर प्रसारण लाइन चार्ज गरिएको छ ।

ढल्केबर-इनरुवा खण्ड सञ्चालनमा आएसँगै देशभित्र पहिलोपल्ट चार सय केभीबाट विद्युत प्रसारण सुरु भएको छ । यसअघि ढल्केबर-मुजफ्फरपुर (भारत) अन्तरदेशीय प्रसारण लाइनबाट चार सय केभीमा विद्युत् आयात-निर्यात हुँदै आएको थियो । अब देशभित्रै चार सय केभी प्रसारण लाइनबाट विद्युत् प्रवाह सुरु गरिएको हो ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ढल्केबर-इनरुवा खण्ड सञ्चालनमा आएसँगै कोशी प्रदेशका तराईका जिल्लामा विद्युत् आपूर्तिको भोल्टेज सुधार गर्न, समग्रमा देशको प्रसारण प्रणालीलाई गुणस्तर तथा विश्वसनीय बनाउन र नेपाल-भारतबीचको विद्युत् व्यापारको परिमाण वृद्धि गर्न महत्वपूर्ण उपलब्धि हासिल भएको बताउनुभयो । प्रसारण लाइनले करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सक्दछ ।

प्रसारण पूर्वाधार तयार नभएकाले हाल सञ्चालमा रहेको ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनबाट हुने विद्युत् आयात-निर्यात परिमाण अब बढाउन सकिने कार्यकारी निर्देशक घिसिङले जानकारी दिनुभयो । अहिले दुई देशबीच विद्युत् आयात निर्यात परिमाण आठ सय मेगावाट मात्र छ । उहाँले कोशी करिडोर हुँदै इनरुवा सबस्टेसनमा आएको विद्युतलाई त्यस क्षेत्रमा खपत गरी अतिरिक्त भएमा ढल्केबर-इनरुवा प्रसारण लाइनमार्फत ढल्केबर ल्याएर भारततर्फ निर्यात गर्न सकिने बताउनुभयो ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ स्थित थानाभ-याङस्थित हेटौंडा सबस्टेसनबाट इनरुवा सबस्टेनसम्म दुई सय ८८ किलोमिटर प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको थियो । प्रसारण लाइनलाई हेटौंडा-ढल्केबर एक सय ३४ किलोमिटर र ढल्केबर-इनरुवा एक सय ५४ किलोमिटर दुई खण्डमा विभाजन गरिएको छ । हेटौंडा-ढल्केबर खण्ड निर्माणाधीन छ ।

## नेप्से परिसूचक दोहोरो अंकले घट्यो

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक ११ दशमलव ६० अंकले घटेर दुई हजार ६० दशमलव १६ को विन्दुमा कायम भएको हो । तीन सय पाँच कम्पनीको ८७ लाख २७ हजार एक सय ६४ कित्ता शेयर ५४ हजार सात सय ९३ पटक खरिदबिक्री हुँदा रु चार अर्ब पाँच करोड ८० लाख ४७ हजार सात सय ३४ बराबरको कारोबार भएको छ ।

वित्त, म्युचुअल फन्ड र व्यापारबाहेक अरू सबै समूहको उपसूचक घटेका छन् । वित्त समूह शून्य दशमलव ४५, म्युचुअल फन्ड शून्य दशमलव १४ र व्यापार समूह शून्य दशमलव २२ प्रतिशतले बढेको हो । सबैभन्दा धेरै विकास बैंक समूह एक दशमलव ०३ प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ६५, होटल तथा पर्यटन शून्य दशमलव २९, जलविद्युत् शून्य दशमलव ५८, लगानी शून्य दशमलव ९१ र जीवन बीमा शून्य दशमलव ६१ प्रतिशतले घटेको छ ।

त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव १६, लघुवित्त शून्य दशमलव ४८, निर्जीवन बीमा शून्य दशमलव ३४ र अन्य समूह शून्य दशमलव ५८ प्रतिशतले घटेको छ । सबैभन्दा धेरै कारोबार नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्य नौ दशमलव ५५ र शिवश्री हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव २६ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ३८ र हिमालय ऊर्जा विकास कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव २५ प्रतिशतले घटेको छ ।

## २२औं हिमालयन ह्वाइट वाटर च्यालेञ्ज सम्पन्न




■ प्रभाव संवाददाता

**सिन्धुपाल्चोक–** भोटेकोशी नदीमा '२२ औं हिमालयन ह्वाइट वाटर च्यालेन्ज' सम्पन्न भएको छ । नेपालको जलयात्रा व्यवसायलाई अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने उद्देश्यका साथ नेपाल एसोसिएसन अफ र्‍याफ्टिङ एजेन्सिज (नारा)ले प्रतियोगिता आयोजना गरेको हो । असार १० र ११ गते आयोजित प्रतियोगितामा नेपाल पर्यटन बोर्ड र बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको सहकार्य गरेका थिए ।

राष्ट्रियस्तरको प्रतिस्पर्धात्मक साहसिक जलयात्रा प्रतियोगितामा र्‍याफ्टिङ र कायाकिङ प्रतिस्पर्धा भएको थियो । नौ किलोमिटर लामो दूरी रहेको साहसिक जलयात्राअन्तर्गत र्‍याफ्टिङतर्फ पुरूष १३ टिम र महिलाको एक टिम गरी १४ टिम सहभागी थिए । कायाकिङमा २५ पुरूष र दुई महिला गरी २७ जनाको सहभागिता रहेको थियो । र्‍याफ्टिङ प्रतियोगितामा २९ मिनेट ५१ सेकेन्डमा दूरी पार गरी स्थानीय भोटेकोशी एडभेन्चर क्लब पहिलो बन्यो । र्‍याफ्टिङ स्टार ३१ मिनेट ७ सेकेन्डमा दूरी पार गरी दोस्रो तथा ३१ मिनेट ३४ सेकेन्डमा दूरी पार गरी त्रिभुवन आर्मी क्लब ए तेस्रो बन्यो ।

विजयी हुने भोटेकोशी एडभेन्चरले ४० हजार रूपैयाँ, दोस्रो हुने र्‍याफ्टिङ स्टारले २० हजार र तृतीय स्थान प्राप्त गर्ने त्रिभुवन आर्मी क्लबले १० हजार रूपैयाँ हात पारे । विजेता खेलाडीहरूलाई मेडल र प्रमाणपत्रसमेत वितरण गरिको थियो ।

कायाकिङ खेलतर्फ २७ सहभागीलाई पछाडि पार्दै सुरेन्द्र माझीले ३० मिनेट ५१ सेकेन्ड दूरी पार गरी प्रथम स्थान हासिल गरे । उनले २० हजार रूपैयाँ हात पारेका छन् । कृष्ण खड्काले ३० मिनेट ५४ सेकेन्डमा निर्धारित दूरी पार गरेर दोस्रो हुँदा १० हजार रूपैयाँ जितेका छन् ।

विजय माझीले ३१ मिनेट ०३ सेकेन्डमा सो दूरी पार गरेर तृतीय भई पाँच हजार रूपैयाँ जितेका छन् । विजेताहरूलाई शिल्ड, मेडल र नगदसहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

कार्यक्रम समापनको अवसरमा बोल्दै नेपाल एकेडेमी अफ टुरिजम एण्ड होटल म्याजमेन्ट नाथमका विभागीय प्रमुख अजय ढकालले नेपालमा साहसिक पर्यटनको पर्याप्त सम्भावना रहेको उल्लेख गर्दै यस प्रकारका कार्यक्रमको आयोजनाले नेपालको साहसिक पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताए । पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक रोहिणी खलालले नेपालको समग्र पर्यटनमा जल पर्यटन एउटा महत्त्वपूर्ण प्रडक्ट भएको उल्लेख गर्दै यस प्रकारका कार्यक्रमको प्रवर्द्धनमा बोर्ड सधैं साथमा रहेर सहयोग गर्दै आइरहेको बताए । नेपाल एशोसियसन अफ र्‍याफ्टिङ एजेन्सिजका अध्यक्ष शिव अधिकारीले नेपालको जल पर्पटन प्रवर्द्धनका लागि नाराले विगत २२ वर्षदेखि यस प्रकारका प्रतियोगिता आयोजना गर्दै आइरहेको बताए ।

**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध**

यस प्रभाव दैनिक प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल
फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ